नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

वर्ष ३ · अंक २९९ · २०८२ साल असोज ०९ गते बिहीबार · Thursday 25, September 2025 · सूर्योदयः बिहान ५:५५ बजे · सूर्यास्तः साँझ ५:५८ बजे · पृष्ठ ८ · मूल्य रु. ५/-

## सुनचाँदीको भाउ अहिलेसम्मकै उच्च

**मधेशदृष्टि**
**काठमाडौँ ।**
सुनचाँदीको भाउ अहिलेसम्मकै उच्च भएको छ । सुनको भाउ बुधबार तोलामा एक हजार तीन सय रुपैयाँले बढेर तोलाको दुई लाख २३ हजार रुपैयाँमा कारोबार भएको नेपाल सुनचाँदी व्यवसायी महासङ्घले जनाएको छ । सुनको भाउले पछिल्ला दिनमा निरन्तर रेकर्ड बनाएको छ । मंगलबार सुनको भाउ तोलाको दुई लाख २१ हजार सात सय रुपैयाँ थियो ।

बुधबार चाँदीको भाउले पनि कीर्तिमान बनाएको छ । चाँदीको भाउ बुधबार तोलामा २० रुपैयाँले बढेर तोलाको दुई हजार सात सय रुपैयाँ पुगेको थियो । मंगलबार चाँदीको भाउ तोलाको दुई हजार छ सय ८० रुपैयाँ थियो ।

# भारतले जिएसटी घटाउँदा नेपाली सीमा बजारका व्यापारी विस्थापित हुने खतरा

**मधेशदृष्टि**
**वीरगंज ।**
भारत सरकारले आफ्ना नागरिकका लागि जारी गरेको वस्तु तथा सेवा कर (जिएसटी)मा हेरफेर गरेपछि नेपाली अर्थतन्त्रमै उथलपुथल हुने देखिएको छ । भारत सरकारले आफ्ना जनतालाई कर घटाइरहँदा नेपाली सीमा बजारका उपभोक्तासमेत भारतीय बजारमा आकर्षित भइरहेको अवस्थामा अरु आकर्षित हुने अवस्था बन्ने देखिएको हो । नेपालको आधा जनसंख्या तराई मधेशमै भएकाले र सीमाका भारतीय बजार नै नेपालीको किनमेलको रोजाइ भएकाले घटेको करले अरु सस्तो बजार हुने भएकाले सीमाका बजारले समस्या भोग्नु पर्ने देखिएको हो । यसले नेपाली सीमा बजारको कारोबार थप प्रभावित हुने संकेत गरेको छ ।

सेप्टेम्बर २२ देखि भारत सरकारले जिएसटी हेरफेर कार्यान्वयनमा ल्याएको हो । भारतले यसअघि लगाउँदै आएको ५ प्रतिशत, १२ प्रतिशत, १८ प्रतिशत र २८ प्रतिशत करमा ५ प्रतिशत र १८ प्रतिशत लागू गरेर अरु दुई कर हटाएपछि नेपाली अर्थतन्त्रमै प्रहार हुने देखिको छ । बिलासिताको कर भने ४० प्रतिशत पुर्याइएको छ । बिलासी र स्वास्थ्यका लागि हानिकारक वस्तुमा मात्रै भारतले ४० प्रतिशत कर लगाउने निर्णयसहित अन्य करमा खुकुलो नीति ल्याएपछि यसले भारतीय जनता त लाभान्वित हुने नै भए नेपाली उपभोक्ता पनि आफ्नो बजार छाडेर भारतीय बजारमा थप आकिर्षत हुने पक्का छ । यति मात्र होइन, यसअघि १२ प्रतिशत कर भएका सबै ५ प्रतिशतमा झारिएपछि दैनिक उपभोग्यका सामानसमेत अब भारतमा अरु सस्तो हुने भएको छ ।

**भारतमा भएको व्यवस्थाः**

**४० प्रतिशत जिएसटीः**

पहिला २८ प्रतिशत जिएसटी रहेका वस्तुमध्ये सुर्तीजन्य पदार्थ, चुरोड, बिँडी, तमाखु तथा चिनीजन्य पदार्थ मिश्रण गरिएको वस्तु एवम् पेय पदार्थमा कर बढाएर ४० प्रतिशत पु¥याइएको छ । पान मसला, चिनी वा अन्य गुलियो पदार्थ मिसाइएका सबै सामान (कार्बोनेटेड पानीसमेत), कार्बोनेटेड जुस तथा पेय पदार्थ, क्याफिन मिसाइएको पेय पदार्थ, उत्पादन गर्न बाँकी सुर्तीजन्य पदार्थ र यसमा उत्पादन, तमाखु वा त्यसको विकल्पमा बनेका चुरोट तथा सिगार, बिँडी तथा त्यससँग सम्बन्धित सामग्रीमा कर बढेको छ । १२०० सिसीभन्दा बढी क्षमता वा ४००० मिलिमिटरभन्दा धेरै लम्बाई भएका हाइब्रिड सवारी साधन, ३५० सिसीभन्दा माथिका मोटरसाइकल, व्यक्तिगत प्रयोजनका विमान, याट तथा मनोरञ्जन तथा खेलकुदका लागि प्रयोग गरिने जलयान, पेस्तोल तथा रिभल्भरको पनि कर बढेको छ । गैर अल्कोहलिक पेय पदार्थको दरसमेत ४० प्रतिशत पुर्‍याइएको छ ।

**२८ बाट १८ प्रतिशत भएका सामानहरु**

पहिला २८ प्रतिशत जिएसटी लाग्दै आएका २८ प्रकारका वस्तुमा अब १८ प्रतिशत मात्रै कर लाग्ने भएको छ । सिमेन्ट, विमानबाहेक सबै प्रकारका सवारी साधनमा प्रयोग हुने टायर, विमानबाहेकका स्पार्क(इग्निसन रेसिप्रोकेटिङ वा रोटरी इन्जिन, डिजेल वा सेमिडिजेल कम्प्रेसन इन्जिन, एयर कन्डिसन, टेलिभिजन, ट्र्याक्टर, १० जनाभन्दा धेरै अट्ने सवारी साधन, १२०० सिसी र ४००० मिलिमिटर भन्दा कमका सवारी साधन, एम्बुलेन्स, सवारी साधनका पार्टस् तथा अन्य उपकरणहरू, ३५० सिसी भन्दा कम क्षमताका उपकरणमा कर घटेको छ ।

यस्तै, मेन्थोल तथा मेन्थोल क्रिस्टल, बायोडिजेल, रासायनिक काठको पल्प, डिसोल्भिङ ग्रेड, अनकोटेड कागज र पेपरबोर्ड, पोसाक र कपडामा पनि कर बढाएर १८ प्रतिशत पुर्याइएको छ । यसअघि ५ प्रतिशत रहेको कोइला, लिगनाइट लगायतमा जिएसटी १८ प्रतिशत बनाइएको छ ।

**पाँच प्रतिशत जिएसटी**

पहिला १८ प्रतिशत कर रहेका साढे चार दर्जन वस्तुमा घटाएर ५ प्रतिशत कायम गरिएको छ । खाद्य तथा पेय पदार्थ, चिनीजन्य पदार्थ, विभिन्न प्रकारका तयारी खाद्य पदार्थ, कफी र चिया, पानी, दुधजन्य पेय पदार्थमा १८ प्रतिशतबाट झारेर ५ प्रतिशत कायम गरिएको छ ।

ट्र्याक्टरका पार्टस, कृषि सम्बन्धित मेसिनरी सामग्री, सल्फ्युरिक एसिड, नाइट्रिक एसिड र अमोनिया लगायत रासायनिक पदार्थ, फेस पाउडर, हेयर आयल, स्याम्पु, डेन्टल फ्लस, टुथपेस्ट, सेभिङ क्रिम, सेभिङ लोसन र टुथब्रस, व्यक्तिगत हेरचाह तथा सरसफाइका उत्पादन, चिकित्सा थर्मोमिटर र शल्यक्रिया, दन्त वा पशु चिकित्साका लागि प्रयोग हुने उपकरण तथा यन्त्रमा १८ प्रतिशत जिएसटीबाट अब ५ प्रतिशतमा झरेको छ । यी सबै सामान अहिले पनि नेपाली बजारमा भन्दा सीमा पारिका बजारमा सस्तो थियो । अब झन सस्तो हुने भएको छ ।

१२ प्रतिशत कर रहेकामा घटाएर ५ प्रतिशतमा झारिएकामा खाद्य पदार्थ र पेय पदार्थ, कृषि उत्पादन र रसायन, स्वास्थ्य र औषधिजन्य सामग्री, निर्माण सामग्री र काठजन्य उत्पादन, कपडा र कपडाजन्य उत्पादन, धातु र धातुजन्य उत्पादन, ऊर्जा र यान्त्रिक उपकरण उल्लेखित बाहेक अन्य यातायातका साधन पनि छन् ।

नेपालको आधा जनसंख्या तराई मधेशमा भएकाले सीमावर्ती भारतीय शहर नै दैनिक उपभोग्य बजारको केन्द्र भएकाले नेपाली उपभोक्ता अरु प्रत्यक्ष प्रभावित हुने देखिएको छ । भारतीय शहरमा सामान किन्ने प्रवृत्ति अरु बढ्ने र चोरी पैठारी पनि बढ्ने वीरगंजका व्यवसायी निखिल चाचान बताउँछन् । यसले नेपाली कानून मान्दै पुरानै भन्सार र भ्याट अनुसार सामान ल्याएर बेचेर व्यवसायी सफल हुन नसक्ने देखिएको छ । किनभने खुला सीमाका कारण चोरीपैठारी बढ्ने भएपछि भारतको सस्तो सामान अवैध रुपमा भित्रिएर नेपाली बजार अरु प्रभावित हुनेछ । जिएसटी नेपाली अर्थतन्त्रलाई नै प्रभावित पार्ने विषय भएकाले नयाँ अर्थमन्त्री रामेश्वर खनाललाई यसबारे लिखित जानकारी गराउँदै भ्याट र भन्सार दरमा हेरफेर गर्न आग्रह गरिएको वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले बताए ।

## नयाँ अर्थमन्त्रीलाई अवगत गराइसकेका छौँ



- **हरि गौतम**
  **अध्यक्ष, वीरगंज उद्योग वाणिज्य संघ**

भारतले बस्तु तथा सेवा कर (गुड्स एण्ड सर्भिस ट्याक्स–जिएसटी) घटाएपछि नेपाली सीमा बजारमा अवैध कारोबार र ओसारपसार अरु बढ्ने देखिन्छ । पहिला पनि कारोबार भइरहेकै थियो । अब झन बढ्ने भएपछि सीमाको व्यापारक्षेत्र प्रभावित हुने देखिन्छ । नेपाल भारत सीमामा १ सय ५ किलोमिटर क्षेत्रमा भएको बजारमा सीमा सिल गर्न सकिने अवस्था पनि छैन । तत्काल सम्भव पनि छैन । अब नेपाल सरकारले भन्सार दर हेरफेर र मूल्य अभिवृद्धि कर (भ्याट)मा पुनर्विचार गर्न सकेन भने नेपालीहरु सीमामा भारतको बजारमै आकर्षित मात्रै होइनन् आश्रित नै हुने दिन आउन सक्छ । यति मात्र होइन, सीमा क्षेत्रमा अवैध ओसारपसार गर्ने ठूलो समूहलाई वैकल्पिक उपाय खोज्न सकिएन भने अरु ठूलो संख्या यस्तो कारोबारमा जोडिनेछन् र अवैध ओसारपसारमा सक्रिय बन्नेछन् । यसले अर्थतन्त्रमै विकराल स्थिति आउनेछ र सीमाक्षेत्रका नेपाली बजार तहसनहस हुनसक्छ । भर्खरै अर्थमन्त्री भएका अर्थविद् रामेश्वर खनाललाई पनि हामीले मूल्य अभिवृद्धि कर (भ्याट) र भन्सार दरमा हेरफेर गरेर भारतमा जस्तै नेपालमा पनि सामान आयात र ढुवानी सहज बनाउन सुझाव लेखेर पठाइसकेका छौँ । यसको सरकारी तवरबाटै सम्बोधन हुन जरुरी छ ।

## अवैध ओसारपसार बढ्ने आशंका



- **निखिल चाचान**
  **उद्योगी, वीरगंज**

सीमाका सबै शहरमा मूल्य फरकले नेपाली उपभोक्ताको भारततिर आकर्षण हुँदा नेपाली उद्योगी, व्यापारी पहिलादेखि नै समस्या खेपिरहेकै थिए । भारतमा भन्दा नेपालमा खरिद महँगो भएपछि सबै भारतीय शहरमा आकर्षित हुँदा नेपालीले समस्या भोगिरहेकै थिए । अब त भारतले झन जिएसटी नै घटाइदिएपछि यसले अरु असर पर्ने देखिन्छ । दैनिक उपभोग्य बस्तुमा नेपाली भारतीय बजारतिर आकर्षित भइरहँदा दालचामल, तरकारी तेलमा उतै आकर्षित थिए । अहिलेको व्यवस्थाले अरु थप आकिर्षत हुने अवस्था बन्ने छ । मूल्य धेरै फरक देखिएकाले भारतमा आकर्षण बढ्ने, उताबाट अवैधरुपमा सामान भित्रँदा यताका व्यापारीले झन समस्या खेप्नु पर्ने अनुमान सहजै लगाउन सकिन्छ ।

# कांग्रेसले समर्थन फिर्ता लिएपछि लोसपाको सरकार बन्ने सम्भावना

प्रदेश सभामा सरकार निर्माणका लागि नेपाली कांग्रेस, नेकपा एमाले र लोसपाबीच छलफल अघि बढेको छ ।

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारबाट नेपाली कांग्रेसले समर्थन फिर्ता लिएको छ । जनकपुरधामस्थित नेपाली कांग्रेस मधेश प्रदेशको कार्यालयमा बसेको संसदीय दलको बैठकले समर्थन फिर्ता लिनुका साथै मन्त्रीहरुलाई पनि फिर्ता बोलाउने निर्णय गरेसँगै मन्त्रीहरुले राजीनामा दिएर पार्टी प्रदेश सभामा विपक्षमा बसेको छ । संसदीय दलका नेता कृष्ण प्रसाद यादवले आफूहरुले जनमत पार्टीलाई समर्थन गरेको र पार्टी विपक्षमा गएपछि मुख्यमन्त्री सतिश कुमार सिंहलाई समर्थन गर्नुको औचित्य नरहेको बताउँदै सरकारबाट फिर्ता हुँदै सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको बताए ।

नेपाली कांग्रेसबाट मधेश प्रदेश सरकारमा अर्थमन्त्री सुनिल यादव, ऊर्जा तथा सिँचाई मन्त्री शेष नारायण यादव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री जनार्दन सिंह क्षेत्री र श्रम तथा यातायात मन्त्री कौशल किशोर राय थिए ।

प्रदेश सभाको बैठकमा समेत मुख्यमन्त्री सिंह सरकारको पक्षमा लोसपा र नेकपा एमाले मात्रै थिए ।

प्रदेश सभामा बोल्दै लोसपाका नेता जितेन्द्र सोनलले समेत रोष्ट्रमबाट मुख्यमन्त्री सतिश सिंहको राजीनामा माग गरेका थिए । उनलाई सामाजिक सञ्जालमा आफैँले राजीनामा दिने घोषणा गरेको मुख्यमन्त्री अहिलेसम्म पदमा बस्नु नैतिकताको कुरा होइन, उनको पक्षमा समेत विश्वास नरहेको बताए । उनले जतिसक्दो छिटो मार्गप्रशस्त गर्न मुख्यमन्त्रीसँग आग्रह गरेका थिए । सोनलले आफ्नो भाषण सकाएर बाहिर निस्केर नेपाली कांग्रेस, नेकपा एमाले र लोसपाका नेतासँग वर्तमान परिस्थितिको विषयमा छलफल गरेका थिए ।

नेपाली कांग्रेसले मधेश प्रदेश सरकारबाट समर्थन फिर्ता लिएर विपक्षमा बसेपछि मधेश प्रदेशमा नयाँ सरकार बनाउन दलहरुबीच छलफल भएको छ । प्रदेश सभामा नेपाली कांग्रेस, नेकपा एमाले र लोसपाबीच सरकारका विषयमा अनौपचारिक छलफल भएको हो । एक दुई दिनमा तीन दल मिलेर सरकार बनाउने सहमति भएको र वर्तमान परिस्थितिको विषयमा केन्द्रलाई जानकारी गराएर बिहीबारदेखि छलफलमा बस्ने मोटामोटी सहमति भएको नेकपा एमाले संसदीय दलका नेता सरोजकुमार यादवले जानकारी दिए ।

प्रदेश सरकारका लागि यी तीन दलले गठबन्धन जारी राख्ने निर्णय गरेको छ । तीन दलले गठबन्धन जारी राखेर सरकारको विषयमा केन्द्रलाई जानकारी गराएर सोही अनुसार अगाडि बढ्ने निर्णय गरेको हो ।

नेकपा एमाले संसदीय दलका नेता सरोजकुमार यादवले कांग्रेस विपक्षमा गएपछि आफूहरु तीन दल गठबन्धनमा जाने निर्णय भएको र तीन दल मिलेर सरकार बनाउने सहमति भएको जानकारी दिए । उनले नेपाली कांग्रेस, नेकपा एमाले र लोसपाबीच गठबन्धन जारी राखेर सरकार बनाउने तर सरकारको नेतृत्वका विषयमा अडान नदेखाएको बताए । तर लोसपाले भने दाबी गरेको उनले संकेत गरे ।

त्यसैगरी सरकारको नेतृत्वको विषयमा दुई दल लचिलो देखिएको छ भने लोसपाले सरकारको दाबी गरेको छ । पार्टीका संसदीय दलका नेता जयनुल राईनले वर्तमान गठबन्धनमा रहेको कारण अब सरकार बनाउने आफूहरुको पालो रहेको जानकारी दिए । उनले छिट्टै तीन दलको बैठक गरेर सरकारको विषयमा टुंगो लगाइने बताए ।

सरकार बनाउने सम्भावना भएपछि केही साना दलले समेत सरकारलाई समर्थन गर्ने र तीन पार्टीले सरकार बनाउने सम्भावना बढेको छ । नेपाली कांग्रेस र जनमतले भने अहिले विपक्षी सिट नै रोजेका छन् ।

# दुई महिनामा सात अर्बका सवारीसाधन भित्रिए

**वीरगंज ।**
चालु आर्थिक वर्षको पहिलो दुई महिनामा वीरगंज नाकाबाट सात अर्ब १६ लाख रुपैयाँ मूल्यबराबरका सवारीसाधन तथा पार्टपुर्जा आयात भएका छन् । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आवमा यो नाकाबाट एक अर्ब ७५ करोड रुपैयाँ बढी मूल्यका सवारीसाधन र त्यसमा प्रयोग हुने पार्टपुर्जा आयात भएको वीरगंज भन्सार कार्यालयले जनाएको छ । कार्यालयका अनुसार गत आवको त्यस अवधिमा पाँच अर्ब २५ करोड रुपैयाँका सवारीसाधन तथा पार्टपुर्जा आयात भएका थिए ।

कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले चालु आवको दुई महिनामा यो नाका हुँदै सवारीसाधनको आयात उत्साहजनक भएको बताए । गत आवको दुई महिनाको तुलनामा चालु आवको सोही अवधिमा सवारीसाधनको आयातबाट प्राप्त हुने राजस्वमा समेत वृद्धि भएको छ ।

गत आवको दुई महिनामा सवारीसाधनको आयातबाट चार अर्ब ४७ करोड ७६ लाख रुपैयाँ राजस्व सङ्कलन भएको थियो भने चालु आवको दुई महिनामा सवारीसाधनको आयातबाट छ अर्ब १३ करोड ९२ लाख रुपैयाँ राजस्व सङ्कलन भएको छ ।

चालु आवको दुई महिनामा ४३ करोड ५२ लाख रुपैयाँ मूल्यका एक सय ७८ वटा जीप, कार र भ्यान आयात भएका छन् । जबकि गत आवको सोही अवधिमा ५१ करोड ६२ लाख रुपैयाँ मूल्यका दुई सय ९५ वटा जीप, कार र भ्यान आयात भएको थियो ।

चालु आवको दुई महिनामा दुई अर्ब ७९ करोड रुपैयाँका २० हजार ६ सय २० थान अनएसेम्बल्ड मोटरसाइकल आयात भएको छ । जबकि गत आवको सोही अवधिमा एक अर्ब ८५ करोड रुपैयाँ मूल्यका १४ हजार ७ सय ६६ वटा अनएसेम्बल्ड मोटरसाइकल आयात भएको छ । चालु आवको दुई महिनामा ६६ करोड ४३ लाख रुपैयाँ मूल्यका तीन सय १८ वटा अन्य बस ट्रकका चेसिस आयात भएको कार्यालयको भनाइ छ ।

# महिलाहरूको रात्री गस्ती

**मधेशदृष्टि**
**सप्तरी ।**



राजविराज नगरपालिका–४ का मुस्लिम महिलाहरू विगत पाँच दिनदेखि टोलको सुरक्षाका लागि रातभरि गस्तीमा खटिन थालेका छन् । जेन्जी आन्दोलनपछि टोलमा असुरक्षा बढेको महसुस गरेपछि उनीहरूले आफ्नै पहलमा सुरक्षा जिम्मेवारी उठाएका हुन् । स्थानीय सम्सा खातुनका अनुसार टोलका अधिकांश पुरुषहरू वैदेशिक रोजगारीमा भएकाले महिलाहरूले घर र छिमेक जोगाउने जिम्मेवारी लिनु परेको हो । उनले भनिन्, 'केही अपरिचित व्यक्ति राति १२ बजेपछि भारतीय नम्बरका मोटरसाइकलमा आएर टोलमा चक्कर लगाउँछन्। हामी गस्ती गरिरहेको देखेपछि फर्किन्छन् ।'

महिलाहरूले गस्ती गर्न थालेपछि टोलमा केही हदसम्म राहत महसुस भए पनि उनीहरू निरन्तर त्रासमा बसिरहेका छन् ।

साना केटाकेटी, एक्ला महिलाको घर र चोरी–लुटपाट बढ्ने सम्भावनाले उनीहरू रातभरि निन्द्राविहीन भएर घरबाहिर बस्न बाध्य छन् । सफिना अंसारी भन्छिन्, 'घर र छोराछोरी सुरक्षित राख्ने उद्देश्यले रातभरि गस्ती गर्छौं । तर, कहिलेकाहीँ लाग्छ, ज्यान नै जोखिममा त परिरहेको छैन?'

स्थानीय महिलाहरूले असुरक्षाबारे पटक–पटक प्रहरीलाई जानकारी गराए पनि आवश्यक कदम नचालिएको गुनासो गरेका छन् ।

उनीहरूको भनाइमा पहिले कहिलेकाहीँ गस्ती गर्ने प्रहरी टोली दुई सातादेखि टोलमा देखिएको छैन । प्रहरीको उदासीनताले स्थानीयलाई आफ्नै भरमा सुरक्षा गर्न बाध्य बनाएको भन्दै महिलाहरू असन्तुष्ट छन् । यसैबीच, जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता जितेन्द्र बस्नेतले भने आफूलाई यसबारे जानकारी नआएको दाबी गरेका छन् । उनले भने, 'यस विषयमा मलाई जानकारी दिइएको छैन । तर, अब गस्तीमा प्रहरी खटाइनेछ ।'

# सडक खनेर छाड्दा यातायात जोखिममा

**मधेशदृष्टि**
**सप्तरी ।**

सप्तरीको राजविराज–हनुमाननगर सडक खण्डअन्तर्गत स्वास्थ्य कार्यालय अगाडि नेपाल खानेपानी संस्थान कार्यालयको लापरबाहीका कारण सर्वसाधारणलाई ठूलो सास्ती खेप्नुपरेको छ । आइतबार संस्थानले गजेन्द्र नारायण सिंह अस्पतालको धारा पाइप जडान गर्ने नाममा मुख्य सडक नै खनेर काम थालेको थियो । तर, काम नसकिँदै सडक बीचैमा ठूलो खाल्डो छाडिएकोले यातायातका साधन जोखिम मोलेर सञ्चालन भइरहेका छन् । बडादशैंको बेला मुख्य सडकमा यसरी खाल्डो खनेर छाड्दा दुर्घटनाको सम्भावना उच्च बनेको स्थानीय बासिन्दा भन्नालाल यादवले गुनासो गरे । राजविराज नगरवासी मात्र नभई अन्य स्थानका नागरिकले पनि खानेपानी संस्थान कार्यालयकै लापरबाहीले सास्ती खेप्नुपरेको गुनासो गरेका छन् । धारा तथा पाइप जडान र मर्मतका नाममा सडक खनेर छाड्ने चलन बढेपछि साना–ठूला दुर्घटनाको जोखिम बढेको आरोप सञ्चारकर्मी रामनारायण यादवले गरे । सडक विभागबाट अनुमति लिएर मात्रै यस्तो काम हुनुपर्ने भए पनि प्रक्रिया पालना नगरी हचुवैमा काम भइरहेको स्थानीय रामनाथ मण्डलको आरोप छ । यस सम्बन्धमा नेपाल खानेपानी संस्थान कार्यालय राजविराजका प्रमुख राजाराम यादवले भने पाइप जडानको काम तीन दिनदेखि भइरहेको र चाँडै सम्पन्न गर्ने योजना रहेको जानकारी दिए । उनका अनुसार सो ठाउँको माटो लसिलो भएकाले सडक मर्मतमा केही समय लाग्ने देखिएको छ । यति बेला सडक प्रयोगकर्ताले भने तत्काल दुर्घटना हुने त्रासका बीच जोखिम मोलेर आवतजावत गर्न बाध्य छन् ।

# राष्ट्रपति पौडेल र प्रधानमन्त्री कार्कीबीच भेटवार्ता

**मधेशदृष्टि**
**काठमाडौँ ।**



राष्ट्रपति रामचन्द्र पौडेल र अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीबीच भेटवार्ता भएको छ । राष्ट्रपति भवन शीतल निवासमा भएको भेटमा समसामयीक राजनीति, फागुन २१ मा तोकिएको प्रतिनिधिसभा निर्वाचनको तयारी तथा सुरक्षा अवस्थाका बारेमा छलफल भएको राष्ट्रपतिको सचिवालयले जनाएको छ ।

यसैबिच काठमाडौँ महानगरपालिकाका मेयर बालेन्द्र साह (बालेन)ले प्रधानमन्त्री सुशीला कार्कीसँग भेटवार्ता गरेका छन् । बुधबार बिहान करिब ९ बजेतिर आधा घण्टा कार्की र बालेनबीच प्रधानमन्त्री कार्यालय सिंहदरबारमा भेटवार्ता भएको हो ।

भेटकाक्रममा खासगरी जेन्जी आन्दोलनको मर्मअनुसार अगाडि बढ्न बालेनले प्रधानमन्त्री कार्कीलाई आग्रह गरेको र सोही अनुसार आफूले काम गरिरहेका पनि कार्कीले बताइन् ।

भेटकाक्रममा बालेनका सचिवालयका केही व्यक्ति पनि सहभागी थिए । साथै प्रधानमन्त्री कार्कीका श्रीमान् समेत दुर्गा सुवेदी पनि छलफलमा सहभागी रहेको स्रोतले जानकारी दिएको छ ।

# अनावश्यक खर्च नियन्त्रण गर्न १२ बुँदे योजना सार्वजनिक

**मधेशदृष्टि**
**काठमाडौँ ।**

सरकारले अनावश्यक खर्च नियन्त्रण गर्न १२ बुँदे योजना सार्वजनिक गरेको छ । अर्थ मन्त्रालयले सांसदसहित राजनीतिक पदाधिकारीका स्वकीय सचिवको सुविधा खारेज गरेको छ ।

अब राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, राष्ट्रियसभाका अध्यक्ष, प्रदेश प्रमुख र संघ–प्रदेशका मन्त्रीबाहेक अन्य पदाधिकारीले स्वकीय सचिव राख्न पाउने छैनन् । यस्तै, राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रियसभाका अध्यक्षबाहेक संघीय, प्रदेश तथा स्थानीय तहका पदाधिकारीले सल्लाहकार नियुक्ति गर्न पनि पाउने छैनन् । मन्त्री र प्रदेश प्रमुखले समेत बढीमा तीन जनामात्र स्वकीय सचिव राख्न पाउने छन् । स्वकीय सचिवालयलाई छुट्टै कार्यकक्ष, सवारी साधन र वैदेशिक भ्रमण सुविधा पनि बन्द गरिएको छ । सरकारले प्राविधिक जनशक्तिबाहेक नयाँ दरबन्दी सिर्जना नगर्ने र संघ, प्रदेश तथा स्थानीय तहमा हुने दोहोरो÷तेहेरो संरचना खारेज गर्ने निर्णय गरेको छ । अबदेखि सार्वजनिक निकायका पदाधिकारी र कर्मचारीले नियमित कामका लागि बैठक भत्ता पाउने छैनन् । तर, कार्यालय समयबाहेक कानुनबमोजिम गठन भएको समितिको बैठकमा मात्र भत्ता लिन सकिने व्यवस्था गरिएको छ । सरकारी काम आफ्नै जनशक्तिबाट गर्ने र बाह्य परामर्श सेवामा खर्च नगर्ने अर्थ मन्त्रालयले निर्णय गरेको छ । अन्तर्राष्ट्रिय सम्मेलनमा राष्ट्र वा सरकार प्रमुख नेतृत्व गर्ने प्रतिनिधिमण्डल बढीमा १० जनासम्म र अन्य सरकारी प्रतिनिधिमण्डलमा बढीमा तीन जनामात्र सहभागी हुने व्यवस्था मिलाइएको छ । सरकारी कार्यालयहरूले व्यापारिक क्षेत्र वा प्रमुख मार्गमा महँगो घर भाडामा लिन नपाउने व्यवस्था गरिएको छ । विदेशस्थित नियोगका कर्मचारीलाई समेत व्यावसायिक क्षेत्रबाहिर आवास भाडामा लिन निर्देशन दिइएको छ । त्यस्तै, पदाधिकारी र कर्मचारीले सवारीसाधन, मोबाइल, कम्प्युटर, फर्निचर लगायत पुराना सामान प्रयोग गर्नुपर्नेछ । काम नलाग्ने सामान नजिकको कार्यालयलाई हस्तान्तरण गर्ने वा लिलाम मार्फत व्यवस्थापन गर्ने प्रावधान समेत गरिएको छ ।

# मतदाता नामावली संकलन गर्ने बाटो खुल्यो

**मधेशदृष्टि**
**काठमाडौँ ।**

निर्वाचन आयोगलाई मतदाता नामावली संकलन गर्न बाटो खुलेको छ । सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले बुधबार मतदाता नामावली ऐन, २०७३ लाई संशोधन गर्न अध्यादेश जारी गरेसँगै आयोगलाई नयाँ मतदाताको नाम संकलन गर्न बाटो खुलेको हो । यसअघिको कानुनअनुसार आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि मतदाता नामावली संकलन गर्न मिल्दैनथ्यो ।

मतदाता नामावली ऐन, २०७३ को दफा ४ को उपदफा २ बमोजिम चुनावको मिति घोषणा भइसकेपछि सोही निर्वाचनको प्रयोजनका लागि मतदाता नामावलीमा नाम दर्ता गर्न नपाइने व्यवस्था उल्लेख थियो । यसअघि आयोगले २०७९ को निर्वाचनअघि मतदाता नामावली संकलन गरेको थियो । राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को सिफारिसमा उक्त अध्यादेश जारी गरेका हुन् । निर्वाचन अयोगले गत आइतबार मतदाता नामावली संकलनका लागि बाटो खुलाइदिन माग गर्दै गृह मन्त्रलायलाई पत्राचार गरेको थियो । निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले अध्यादेशमार्फत मतदाता नामावली संकलन गर्ने कानुनी बाधा फुकेसँगै आयोगको बैठक बसेर मतदाता नामावली संकलन गर्न मिति तोकिने बताए । प्रवक्ता भट्टराईले बिहीबारसम्म आयोगको बैठक बसेर त्यसबारे निर्णय गर्नेबारे छलफल भइरहेको बताए ।

# फरार कैदी पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**

जेन्जी प्रदर्शनका क्रममा सुन्धारास्थित केन्द्रीय कारागारबाट फरार भएका एक कैदीलाई प्रहरीले पर्साबाट पक्राउ गरेको छ । पक्राउ पर्नेमा पर्सा कालिकामाई गाउँपालिका–५ का ४० वर्षीय मुक्तिनारायण कुर्मी रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय पर्साका डीएसपी हरि बस्नेतका अनुसार मंगलबार राति आफ्नै गाउँघरमा लुकेर बसिरहेका बेला उनलाई नियन्त्रणमा लिइएको हो । कुर्मीलाई उनकी ३५ वर्षीया पत्नी संगीतादेवी कुर्मीको हत्या अभियोगमा पर्सा जिल्ला अदालतले २५ वर्ष कैद सजाय तोकेको थियो । भदौ २४ गतेको प्रदर्शनको अवसरमा उनी केन्द्रीय कारागार सुन्धाराबाट फरार भएका थिए । प्रहरीले उनलाई नियन्त्रणमा लिएपछि पुनः थुनामा राख्नका लागि काठमाडौंस्थित केन्द्रीय कारागार पठाइने जनाएको छ ।

# सरकारी सम्पत्ति पुनर्निर्माणका लागि समिति गठन

**मधेशदृष्टि**
**काठमाडौँ ।**

सरकारले २३ र २४ भदौमा भएको जेन्जी आन्दोलनका कारण क्षति पुगेका सरकारी सम्पत्ति पुनर्निर्माणका लागि समिति गठन गरेको छ । सरकारले भौतिक पूर्वाधार पुनर्निर्माण समिति गठन आदेश जारी गर्दै अर्थमन्त्री अध्यक्ष रहने गरी पाँच सदस्यीय समिति गठन गरेको हो । समितिमा गृहमन्त्री र शहरी विकासमन्त्री पनि सदस्य रहनेछन् । समिति सदस्यमा मुख्यसचिव पनि रहने व्यवस्था आदेशमा छ । साथै, समिति सदस्यसचिवका रूपमा शहरी विकास मन्त्रालयका सचिवले काम गर्नेछन् । समितिले जेन्जी आन्दोलनबाट क्षति भएका भौतिक संरचना पुनर्निर्माण कार्यान्वयन कार्ययोजना निर्माण र स्वीकृत गर्ने छ । कोषबाट खर्च हुने रकम सहित कार्यक्रम स्वीकृत गर्ने तथा आन्दोलनबाट क्षति भएका भौतिक संरचना पुनर्निर्माणका लागि सम्बन्धित निकायको जिम्मेवारी तोक्ने काम समेत समितिले गर्नेछ । कोषमा रकम जम्मा गर्न स्रोत पहिचान र परिचालन समेतको काम पनि समितिले गर्ने आदेशमा उल्लेख छ ।

# प्रहरी हत्या आरोपमा थप एक पक्राउ

**मधेशदृष्टि**
**काठमाडौँ ।**

जेन्जीको प्रदर्शनका क्रममा भदौ २४ गते प्रहरी वृत्त महाराजगञ्जका प्रहरीको हत्या गरेको आरोपमा थप एक अर्का आरोपी पक्राउ परेका छन् ।

उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले सिन्धुपाल्चोकका ओम पौडेललाई पक्राउ गरेको हो । यसअघि, प्रहरीकै हत्यामा संलग्न काभ्रेका युवराज क्यापछाकीलाई पनि पक्राउ गरेको थियो । उनीहरू दुवैविरुद्ध प्रहरीले कर्तव्य ज्यान मुद्दामा अनुसन्धान थालेको छ । प्रदर्शनमा उत्रिएका युवाले महाराजगन्जमा कार्यरत दुई प्रहरी मिलन राय र उत्तम थापामाथि कुटपिट गरी हत्या गरेका थिए । घटनामा संलग्न अन्यको पनि खोजी जारी छ ।

प्रहरीले तस्बिर तथा भिडियोका आधारमा अनुसन्धान गरेर प्रदर्शनका क्रममा तोडफोड, आगजनी र लुटपाट गर्नेमाथि कारबाही थालेको छ ।

# धरानका चौकीमा प्रहरी फर्के

**मधेशदृष्टि**
**काठमाडौँ ।**

जेन्जी आन्दोलनका कारण विस्थापित भएका सुनसरीको धरान उपमहानगरपालिकाका सबै प्रहरी चौकीमा प्रहरी पुनः फर्किएका छन् ।

आन्दोलनको त्रासका कारण भदौ २४ गतेदेखि इलाका प्रहरी कार्यालय धरानमा सिमित भई बसिरहेका प्रहरीहरूलाई चौकीमा फर्काएर नियमित गस्ती र पेट्रोलिङ शुरु गरिएको छ ।

वडा प्रहरी कार्यालय धरानका प्रमुख रुद्रबहादुर खडकाका अनुसार दशैं–तिहार जस्ता चाडपर्वमा हुन सक्ने अपराध नियन्त्रणका लागि प्रहरीको उपस्थिति बढाइएको हो । इलाका प्रहरी कार्यालय धरानका डीएसपी प्रकाश जबेगुले पनि जनताको ज्यान–मालको सुरक्षा प्रमुख प्राथमिकता भएको बताए ।

उनका अनुसार धरानका २, ४, ५, ६, ८, १३, १४, १५, १६, १७ र २० वडामा रहेका सबै चौकीहरूमा प्रहरी तैनाथ गरिएको छ ।

सुनसरी उद्योग वाणिज्य संघका महासचिव प्रभाव खतिवडाले प्रहरी चौकी पुनः सञ्चालनमा आएकोमा व्यवसायी समुदायले राहत महसुस गरेको बताए ।



# महिला सशक्तिकरणका लागि मिलेर काम गर्नुपर्नेमा जोड



**मधेशदृष्टि**
**सप्तरी ।**
विभिन्न पार्टीको नाममा विभाजित हुँदा मधेशी महिलाको सशक्तिकरणमा चुनौती र समस्या थपिदै गएको एक कार्यक्रमका सहभागि वक्ताहरुले बताएका छन् । उनीहरुले यसका लागि महिला अगुवाहरु एकताबद्ध भई अघि बढ्नु पर्ने सुझाव समेत दिएका छन् । वडा दशैं, दिपावली र छठ पर्वको अवसर पारेर बुधबार तराई मधेश फाउन्डेशन नेपाल सप्तरीले राजविराजमा आयोजना गरेको शुभकामना आदान प्रदान तथा परिवर्तित परिस्थितिमा महिला अधिकार विषयक अन्तरक्रिया कार्यक्रमका सहभागि वक्ताहरुले यस्तो कुरा बताएका हुन् । फाउन्डेशनकी अध्यक्ष तथा महिला अधिकारकर्मी सुनिता साहले जेन्जी आन्दोलनले देशमा आमुल परिवर्तन ल्याएको भन्दै जेन्जीले उठाएको भ्रष्टाचार बिरूद्धको आन्दोलनबाट प्राप्त उपलब्धीलाई संस्थागत गर्न सबै जागरूप हुनुपर्नेमा जोड दिइन् । उनले जेन्जी आन्दोलनपछि बदलिएको राजनीतिक परिस्थितिमा महिलाहरुको सशक्तिकरणका लागि दलगत स्वार्थ भन्दा माथि उठेर सबै एकजुट भई अघि बढ्नु पर्ने आवश्यक औल्याइन् । 'देशमा अहिले महिला प्रधानमन्त्री भएको छ, हामी सबै खुशी नै छौं,' उनले भनिन्, 'तर प्रधानमन्त्रीको केही दिन अघि मात्र काठमाडौंमा भएको सपथग्रहण समारोहमा देखिएको व्यवहारले चित्त दुखाएको छ ।' राष्ट्रपति रामचन्द्र पौडेललाई कुर्सीबाट उठेर सम्मान व्यक्त गरेकी प्रधानमन्त्री शुशिला कार्कीले उपराष्ट्रपति रामसहाय यादव आउँदा भने कुर्सीमै बसेर रुखो व्यवहार देखाएको उनको टिप्पणी थियो । यस्तै मिटरब्याजीको नाममा मधेशका समग्र तेली समाजलाई नै अपमान हुने गरि प्रधानमन्त्री कार्कीले अभिव्यक्ति दिएको भन्दै उनले असन्तुष्टि पोखिन् । प्राध्यापक एवम् मैथिल महिला परिषद्की सल्लाहकार बन्दना मिश्राले बदलिएको परिस्थितिमा सत्ता सम्हालेका वर्तमान प्रधानमन्त्री र मन्त्रीहरुले मधेशका महिलाको अवस्थामा सुधार ल्याउन आवश्यक पहल गर्नु पर्नेमा जोड दिइन् । मैथिल महिला परिषद्की सचिव रिता देवले सरकारबाट महिलामैत्री कानुन नबन्दा विशेष गरि मधेशका महिलाहरु आर्थिक, सामाजिक र राजनीतिक रुपमा पछाडि पर्दै गएको भन्दै रोजगारी र राज्यले गर्ने विभिन्न निकायको नियुक्तिमा अवसर प्रदान गर्नु पर्नेमा जोड दिइन् । संस्थाकी सदस्य पूजा स्वर्णकारद्वारा स्वागत गरि शुरु भएको कार्यक्रममा जिल्ला समन्वय समिति प्रमुख शिव नारायण साह, नेपाल पत्रकार महासंघक पूर्वअध्यक्ष धिरेन्द्र प्रसाद साह, महिला अधिकारकर्मी अनुराधा देवी साह, सामुदायिक सेवा केन्द्र सप्तरीका अध्यक्ष धिरेन्द्र दास, नेपाल प्रेस युनियन सप्तरी अध्यक्ष बिनय कुमार लाल कर्ण, प्रेस सेन्टरका अध्यक्ष बिन्दु यादब लगायतले पनि बोल्दै मधेशमा महिला सशक्तिकरणको सवालमा सबै मिलेर आवाज उठाउनु पर्नेमा जोड दिएका थिए ।

# मधेश विश्वविद्यालयको चौथो सभा सम्पन्न



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश विश्वविद्यालयको चौथो विश्वविद्यालय सभा (सिनेट) बैठक बुधबार सम्पन्न भएको छ । बैठकको अध्यक्षता विश्वविद्यालयका कुलपति समेत रहेका मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले गरेका थिए । सभामा विश्वविद्यालयको शैक्षिक, प्रशासनिक र वित्तीय पक्षबारे विस्तृत छलफल भएको थियो ।

बैठकमा प्रस्तुत वार्षिक प्रतिवेदन, आगामी वर्षको बजेट योजना तथा नयाँ शैक्षिक कार्यक्रमहरूको खाका अनुमोदन गरिएको जनाइएको छ ।

कुलपति सिंहले विश्वविद्यालयलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाउन आवश्यक संरचनागत सुधार र शैक्षिक गुणस्तर वृद्धि प्राथमिकतामा राखिने बताए । उनले भने, 'मधेश विश्वविद्यालय केवल प्रदेशकै नभई मुलुककै शैक्षिक धरोहर हो । यसलाई उत्कृष्ट शिक्षण–अनुसन्धान केन्द्र बनाउन हामी प्रतिबद्ध छौं ।' बैठकमा विज्ञान, प्राविधिक, कृषि, स्वास्थ्य र समाजशास्त्र क्षेत्रका नयाँ शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने तयारीबारे जानकारी दिइयो । साथै, प्रदेशकै आवश्यकता अनुसार अनुसन्धानलाई प्राथमिकता दिने निर्णय गरिएको छ । सभामा बोल्ने धेरै सदस्यहरूले स्थानीय समुदायसँग सम्बन्धित अनुसन्धान प्रवद्र्धन गर्नुपर्नेमा जोड दिए ।

उनीहरूले शिक्षणसँगै सीपमूलक तालिम र उद्योग–व्यवसायसँग विश्वविद्यालयको सहकार्य आवश्यक रहेको सुझाव प्रस्तुत गरे । बैठकमा विश्वविद्यालयको स्थायी क्याम्पस विकास, भवन निर्माण र आवश्यक पूर्वाधार विस्तारसम्बन्धी योजनालाई अघि बढाउने निर्णयसमेत गरिएको छ । साथै, विद्यार्थीलाई सहज र पहुँचयोग्य शिक्षा दिन छात्रावास, पुस्तकालय र प्रयोगशालाको स्तरोन्नति गर्नुपर्नेमा सहमति बनाइएको छ । कुलपति सिंहले वित्तीय पारदर्शिता र शैक्षिक सुशासनलाई बलियो बनाउन विश्वविद्यालय प्रशासनलाई निर्देशन दिएका छन् । उनले भने, 'हामीले विश्वविद्यालयलाई राजनीति नभई शुद्ध शैक्षिक वातावरणमा विकास गर्नुपर्छ । यसमा सबैको साझा प्रतिबद्धता जरुरी छ ।' बैठकमा प्राध्यापक, पदाधिकारी, विद्यार्थी प्रतिनिधि र अन्य सरोकारवालाको उपस्थिति रहेको थियो । चौथो सभाले विश्वविद्यालयलाई आगामी वर्षका लागि स्पष्ट मार्गचित्र दिएको विश्वविद्यालयका पदाधिकारीहरूले दाबी गरेका छन् ।

# बिलबिजक बिना सुनचाँदीका गहना किनबेच नगर्न आग्रह



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामले एक सूचना जारी गर्दै बिना बिलबिजक सुनचाँदीका गहना वा अन्य कुनै पनि सामग्री किनबेच नगर्न सर्वसाधारणलाई आग्रह गरेको छ ।

प्रहरीले भदौ २३ र २४ गते भएको 'जेन्जी' आन्दोलनका क्रममा तोडफोड, आगजनी र लुटपाटमा संलग्न व्यक्तिहरूले चोरीका सामानहरू बजारमा बिक्री गर्न सक्ने सम्भावना रहेको भन्दै यो सूचना जारी गरेको हो । मधेश प्रदेश प्रहरी प्रमुख डीआईजी उमा प्रसाद चतुर्वेदीका अनुसार आन्दोलनको क्रममा विभिन्न प्रतिष्ठान, सरकारी तथा निजी भवन, बैंक र वित्तीय संस्थाबाट महत्त्वपूर्ण कागजात, ऐतिहासिक दस्ताबेज, बहुमूल्य गरगहना, नगद र अन्य जिन्सी सामानहरू लुटिएको जानकारी प्रहरीलाई प्राप्त भएको छ । प्रहरीले यस्ता चोरीका सामानहरू लुकाइछिपाइ किनबेच हुन सक्ने भन्दै बिल नभएका र आधिकारिक बिक्रेताबाहेकबाट कुनै पनि सामान नकिन्न चेतावनी दिएको छ । यसरी किनबेच गर्नु कानुनी रूपमा दण्डनीय अपराध हुने प्रहरीले स्पष्ट पारेको छ ।

साथै, प्रहरीले यस्ता घटना वा संलग्न व्यक्तिबारे कुनै जानकारी भएमा नजिकको प्रहरी कार्यालय वा प्रहरीको टोल फ्री नम्बर १०० मा तत्काल खबर गर्न आग्रह गरेको छ । आम नागरिकको सहयोग र सतर्कताले मात्र शान्ति–सुरक्षा कायम राख्न सहज हुने भएकाले सबैलाई सहयोग गर्न अनुरोध गरिएको प्रहरीको भनाइ छ ।

# लागुऔषध तस्कर पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको बंकुल बजारमा सीमावर्ती भारतीय बजार घोडासहनबाट लागुऔषध ल्याउँदै गरेको अवस्थामा एक तस्करलाई मोटरसाइकलसहित भारतीय सीमा सुरक्षा बल एसएसबीले पक्राउ गरेको छ ।

भारत–नेपाल सीमा नजिक घोडासहन अन्तर्गत पर्ने लक्ष्मीनिया टोलामा एसएसबी ७१वीं बटालियन न्यू कोरैयाले गरेको कारबाहीमा नशालु औषधिसहित एक तस्कर पक्राउ परेका हुन् । पक्राउ पर्नेमा भारत बिहार मोतीहारी जिल्ला घोडासहन थानाक्षेत्र अन्तर्गत कोरैया गाउँ, झरोखर पञ्चायतका राजु प्रसाद कुशवाहा रहेका छन् । उनलाई नशालु प्रतिबन्धित औषधसहित एसएसबीले नियन्त्रणमा लिएको हो । एसएसबीका अनुसार कुशवाहा घोडासहनतर्फबाट नशालु औषधि ल्याई बंकुलस्थित राजवीर नाम गरेका व्यक्तिलाई पुर्याउने क्रममा पक्राउ परेका हुन् ।

उनलाई नियन्त्रणमा लिएर थप कारबाहीका लागि झरोखर थानामा बुझाइएको छ । उनको मोटरसाइकलको डिकीबाट नशालु क्याप्सुल ट्रामाडोल ४० क्याप्सुल बरामद गरिएको एसएसबीले जनाएको छ ।

# आज कुष्माण्डा देवीको पूजा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नवरात्रको चौथो दिन आज दशैँ घर वा पूजा कोठामा नौ दुर्गामध्येकी चौथो कुष्माण्डा देवीको विधिपूर्वक पूजाआराधना गर्न लागिएको छ ।

कुष्माण्डा देवीको पूजाआराधनाले शक्ति प्राप्त हुने भएकाले नवरात्रका अवसरमा विशेष पूजाआराधना गर्ने गरिएको छ । कुष्माण्डा देवीबाट कृपा भए समग्र पाप नाश हुने विश्वास छ । घटस्थापना गरिएको दिन घडामा नौ दुर्गामध्येकी पहिलो देवी शैलपुत्रीको आह्वान गरी विधिपूर्वक पूजाआराधना गरिएको थियो । दोस्रो दिन पूजास्थलमा नवदुर्गामध्येकी दोस्रो ब्रह्मचारिणी देवीलाई आह्वान गरी विधिपूर्वक पूजाआराधना गरिएको थियो भने तेस्रो दिन चन्द्रघण्टा देवीको पूजाआराधना गरिएको थियो । नवरात्रका अवसरमा देवीको आराधना गरी पूजा गरेमा शक्ति, ऐश्वर्य र विद्या प्राप्त हुने धार्मिक विश्वास छ ।

# सिरहामा विद्युत् चुहावट बर्सेनि बढ्दो

**सिरहा ।**
सिरहामा विद्युत् चुहावटको मात्रा हरेक वर्ष बढ्दै गएको पाइएको छ । नेपाल विद्युत् प्राधिकरण लहान वितरण केन्द्रका अनुसार आर्थिक वर्ष २०८०/८१ मा चुहावटको मात्रा ३१ दशमलव ६५ प्रतिशत रहेकामा आव २०८१/८२ मा यो बढेर ३८ दशमलव १० प्रतिशत पुगेको छ । हालैको तथ्याङ्कानुसार आव २०८२/८३ को साउनसम्ममा चुहावट झनै बढेर ४४ दशमलव ४६ प्रतिशत पुगेको छ । वितरण केन्द्रका प्रमुख अवधेशकुमार गुप्ताका अनुसार चुहावटको मुख्य कारणमध्ये एक हुकिङ गरेर अत्यधिक मात्रामा कृषि मिटरको दुरुपयोग हुनु हो । लामो खडेरीका कारण धान रोपाइँ तथा सिँचाइका लागि केही लचिलो नीति अवलम्बन गरिए पनि प्राधिकरण अब कडाइका साथ चोरी नियन्त्रणमा लाग्ने उनले स्पष्ट पारेका छन् । उनले भने, 'यस वितरण केन्द्रबाट १७ हजार कृषि मिटर वितरण गरिए पनि किसानले मुस्किलले पाँच हजार मिटरमात्र खेतमा राखेका छन्, बाँकी सबै घरमै राखेर दुरुपयोग गरिएको छ ।' कृषि मिटरको सुरक्षित प्रयोग नगर्दा बर्सेनि मानिसको मृत्युसमेत भइरहेको जानकारी दिँदै गुप्ताले विद्युत् चोरीलाई नियन्त्रण गर्न कानुनी कारबाहीलाई कडाइका साथ कार्यान्वयन गरिने बताए । प्राधिकरणका अनुसार विद्युत् चुहावटको प्रमुख कारणमध्ये चोरीलाई न्यूनीकरण गर्न सके यसले चुहावट नियन्त्रणमा टेवा पुर्याउनुका साथै प्राधिकरणको आर्थिक अवस्थामा समेत सकारात्मक प्रभाव पार्नेछ । यसका लागि प्राधिकरणले मिटरको माग गर्दा तोकिएको समयमै मिटर उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ । कार्यालयले विद्युत् चोरीलाई सामाजिक अपराधका रूपमा स्थापित गर्दै स्थानीय तहसँग साझेदारीमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने तयारी गरिएको छ । विद्युत् चोरी नियन्त्रण ऐन, २०५८ अनुसार चोरीबाट वितरकलाई हानि भएमा सोबापतको क्षतिपूर्ति तिर्नुपर्नेछ । यदि कसुर पुनः दोहोरिएमा वास्तविक हानिको दुई सय प्रतिशतसम्म क्षतिपूर्ति कसुरदारले बुझाउनुपर्ने कानुनी व्यवस्था छ । सिरहामा प्राधिकरणको लहान, मिर्चैया र सदरमुकाम सिरहामा गरी तीनवटा वितरण केन्द्र छन् । जसमध्ये लहान वितरण केन्द्रअन्तर्गत लहान, सुखीपुर, धनगढीमाई नगरपालिका तथा बरियारपट्टी, विष्णुपुर, औरही, लक्ष्मीपुर पतारी र भगवानपुर गाउँपालिका रहेका छन् । रासस

# १५४ बोरा अनुदानको मल बरामद

**मधेशदृष्टि**
**सिरहा ।**
जिल्ला प्रशासन कार्यालय सिरहाको संयुक्त अनुगमन टोलीले सिरहाको गोलबजार नगरपालिका–६ पानिट्याङ्की नजिकैको गोदामबाट १५४ बोरा अनुदानको मल बरामद गरेको छ । अनुगमन टोलीले लुकाइछिपाइ राखिएको सरकारी अनुदानको डिएपी, युरिया र पोटाससहितको मल बरामद गरेको हो । जिल्ला प्रशासन कार्यालयका कर्मचारी अनिल कुमार यादवका अनुसार कृषि सामग्री कम्पनी लिमिटेडमार्फत अनुदानमा वितरण गरिएको ९६ बोरा डिएपी, ३६ बोरा युरिया र ६ बोरा पोटास बरामद गरिएको छ । त्यसैगरी साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडमार्फत ल्याइएको ६ बोरा युरिया, १ बोरा पोटास र ९ बोरा गैर–अनुदान मलसहित कुल १५४ बोरा मल नियन्त्रणमा लिइएको हो । किसानहरूले अनुदानको मल बजारमा अभाव रहेको र उपलब्ध भए पनि दोबर मूल्यमा बिक्री भइरहेको गुनासो दिएका थिए । सोही आधारमा अनुगमन टोलीले छापा मार्दा ठूलो परिमाणमा मल बरामद भएको हो । अनुगमन टोलीले गोलबजारकै धमिनीस्थानमा रहेको अर्को गोदाम पनि शील गरेको छ । छरछिमेकसँग बुझ्दा कोठा कसको हो भन्नेबारे जानकारी नपाएपछि तत्कालै गोदाम शील गरिएको जनाइएको छ । कृषि सामग्री कम्पनी लिमिटेड लहानका प्रमुख दिपराज पौडेलका अनुसार यसबारे विस्तृत अनुसन्धान शुरु गरिएको छ । अनुगमन टोली पुगेको थाहा पाएलगत्तै गोलबजारका धेरै कृषि व्यवसायीहरूले आफ्ना पसल बन्द गरी भागेका थिए । बरामद गरिएको गोदाम भने स्थानीयका अनुसार कौशल महतोको भएको देखिन्छ । तर, हालसम्म उनी प्रशासनको सम्पर्कमा आएका छैनन् । अनुगमन टोलीका सदस्यहरूले अनुदानमा आएको मल सहकारीमार्फत किसानलाई वितरण गर्नुपर्ने भए पनि केही व्यवसायीहरूले त्यसलाई भण्डारण गरेर कालोबजारी गर्ने गरेको पाइएको बताए । जिल्ला प्रशासन कार्यालयले मल तस्करी र कालोबजारीमा संलग्नलाई कानूनी कारबाही गरिने चेतावनी दिएको छ । साथै, किसानलाई समयमा अनुदानको मल उपलब्ध गराउने व्यवस्था गर्न सहकारी संस्था र सम्बन्धित निकायलाई निर्देशन दिइएको छ ।

# अवैध सालको काठसहित बोलेरो बरामद

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटमा वन गस्ती टोलीले ठूलो मात्रामा अवैध सालको काठ बरामद गरेको छ । डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्त कुमार साहको नेतृत्वमा धनसर सब–डिभिजन वन कार्यालयसँगको संयुक्त गस्ती टोलीले मंगलबार राति विशेष सर्च अपरेसन सञ्चालन गरी बोलेरो गाडीमा लोड गरिएको काठ नियन्त्रणमा लिएको हो । वन कार्यालयका अनुसार जिल्लाको लमहा पुलदेखि पश्चिमतर्फको लक्का (कजवे) हुँदै उत्तरतर्फको जंगलमा सालका रुख काटेर तस्करहरूले गाडीमा गोलिया लोड गरिरहेका बेला टोली पुगेको थियो ।

प्रहरीले तत्कालै ना. ४ च. ४६६६१ नम्बरको महिन्द्रा बोलेरो गाडी रोकेर जाँच गर्दा अवैध काठ भेटिएको हो । गस्ती टोली देखेपछि तस्करहरू भने काठ र गाडी छाडेर फरार भएका थिए । टोलीले घटनास्थलबाट ७ थान गोलिया, करिब २५ क्यूफिट सालको काठसहित बोलेरो गाडी नियन्त्रणमा लिएको डिभिजन वन कार्यालय रौतहटले जनाएको छ ।

डिभिजन प्रमुख साहका अनुसार बरामद काठ र गाडीलाई आवश्यक अनुसन्धानका लागि वन कार्यालयमा ल्याइएको छ ।

उनले अवैध कटानीविरुद्ध कारबाही कडा पारिएको बताउँदै काठ तस्करीमा संलग्नलाई कानुनी दायरामा ल्याइने स्पष्ट पारे । स्थानीयवासीका अनुसार पछिल्लो समय यस क्षेत्रका वनहरूमा सालका रुख काट्ने घटना बढेको छ । तस्करहरूले राति समूह बनाएर काठ काट्ने, गाडीमा लोड गरी भारततर्फ तस्करी गर्ने गतिविधि बढेपछि वन कार्यालयले गस्तीलाई थप सक्रिय बनाएको छ ।

वन कार्यालयले जनताको सहयोग बिना तस्करी नियन्त्रण कठिन हुने भन्दै सामुदायिक सतर्कता आवश्यक रहेको चेतावनी दिएको छ ।

सम्पादकीय

# मधेशमा सरकार गठनको खेलोफड्को

*भदौ २३ गतेको जेन्जी आन्दोलनले मधेशका मुख्यमन्त्री सतिश कुमार सिंहलाई फेसबुकमा राजीनामा दिने बनायो । ज्यान भन्दा ठूलो कुरा केही थिएन । यति गर्दा पनि भदौ २४ गते देशभर आगजनी र तोडफोड भयो । अघिल्लो दिन कलिला युवाहरुको रगत देशलाई चढेपछि भोलिपल्ट आक्रोशित भिडले देश नै तहसनहस भयो।*

*यस्तोमा मधेशका मुख्यमन्त्रीको राजीनामा हावामा तैरिरहेका थियो । प्रदेश प्रमुख मधेशमा नभएकाले र लिखित राजीनामा नभएकाले पनि यो अवस्था बनेको थियो । देश स्थिर बनेपछि मुख्यमन्त्री सिंहले हावामा तैरिरहेको राजीनामा खिचे र बोली बदले । उनको बोली बदलिएपछि जनमत पार्टी आत्तियो । पार्टी र प्रदेश संसदीय दलले मुख्यमन्त्रीलाई तर्साउन खोजे तर मुख्यमन्त्रीले पार्टी र प्रदेश संसदीय दललाई नै तर्साइदिए, असोज ७ गतेसम्म मुख्यमन्त्री राजीनामा दिने मनस्थितिमा थिएनन्।*

*आगजनीले प्रदेश सभाको बैठक हुने–नहुनेमा अन्यौल थियो।*

*संघीयता संस्थागत गर्ने बेला राजीनामा र मुख्यमन्त्रीको फेरबदलको राजनीति गर्न नहुने भन्दै मुख्यमन्त्री सिंहले राजीनामा नदिने कुरा तेहऱ्याए । यसपछि मधेश प्रदेशमा सरकारको जिकीर गरिरहेको नेपाली कांग्रेस पनि मुख्यमन्त्रीको मिठाइका लागि मुख मिठ्याइरहेको थियो । तर परिस्थिति फरक बन्दै गयो । यस्तो अवस्थामा कांग्रेसबाट सहजै मुख्यमन्त्री सम्हाल्ने विषयमा सायद सहमति बनेन र पछि हट्यो । यसपछि एमाले मुख्यमन्त्रीको दाबी नगर्ने अठोटसाथ अघि बढिरहेको प्रस्टै थियो । ठूला दलहरुको अहिले सामाजिक हैसियतमा आँच आएकाले मधेश सरकारको नेतृत्वमा टिकिरहने जनमतका मुख्यमन्त्री सिंहको चाहनालाई जनमत पार्टीले भष्म गराइदिएपछि अब मुख्यमन्त्रीबारे बहस शुरु भएको छ।*

*अरु 'सोम खेती, बुध घर' भन्छन्, अस्तिसम्म मुख्यमन्त्रीको दाबी गर्ने कांग्रेस पनि जेन्जी आन्दोलनपछि सुस्ताएको छ । हुँदाखाँदाको अर्थमन्त्रीसहितको सरकार छाडेर बुधबार जनमतसँगै विपक्षमा झरेको छ । अब मुख्यमन्त्रीको बहससँगै मधेशमा सरकार बनाउने खेलोफड्कोमा एमाले दाबी नगर्ने, दाबी गरिरहेको कांग्रेस पनि फिर्ता हुने भएपछि मधेशको सरकार साँच्चै मधेशवादी दलको हातमा पुग्ने पो हो कि ? त्यस्तै देखिँदैछ।*

# जेन्जी आन्दोलनमा निजी क्षेत्रको कति भयो क्षति ?

रमेश लम्साल

भदौ २३ र २४ गते जेन्जी पुस्ताको आन्दोलनका कारण मुलुकको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार जल्यो । न्यायको मन्दिर मानिने सर्वोच्च अदालतको भवन आगोमा दन्कियो । ऐतिहासिक धरोहरका रुपमा रहेको राष्ट्रपति कार्यालय शीतल निवासमाथि आक्रमण भयो, आगजनी गरियो।

चीन सरकारको सहयोगमा निर्माण गरिएको र सङ्घीय संसद्ले प्रयोग गरेको अन्तरराष्ट्रिय सम्मेलन केन्द्रमा पनि आगजनी गरियो। सरकारी संरचना, निजी क्षेत्रका उद्योग प्रतिष्ठानमाथि आक्रमण र आगजनी गरियो।

राजनीतिक नेतृत्वका घर तथा आवास पनि उसैगरी आक्रमण र आगजनीको शिकार भए । आन्दोलनकारीले सवारीसाधनमाथि आगो झोसे । लुटपाट भयो। ठूलो क्षतिका बीच सरकारी र निजी क्षेत्र क्रमशः लयमा फर्कने प्रयासमा छ । नयाँ सोच, नयाँ विश्वास र भरोसाका साथ उभिने प्रण सबैले गरेका छन्।

सरकारले यी सबै विषयमा अनुसन्धान गर्न गौरीबहादुर कार्कीको अध्यक्षतामा छानबिन आयोग गठन गरिसकेको छ। सो आयोगले सत्यतथ्य सार्वजनिक गर्ने नै छ । मुलुकको आर्थिक क्षेत्रमा झण्डै ८१ प्रतिशत योगदान गर्ने र रोजगारीमा ८६ प्रतिशत योगदान प्रदान गर्दै आएको निजी क्षेत्रमाथि पनि आन्दोलनका क्रममा आक्रमण भयो।

नेपाल उद्योग वाणिज्य महासङ्घलगायतका निजी संस्थाले क्षतिको विवरण सङ्कलन गरिरहेका छन् । यद्यपि, प्रारम्भिक विवरण भने सार्वजनिक गरेको छ । महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालका अनुसार हालसम्म उपलब्ध तथ्याङ्क र सूचनाअनुसार निजी क्षेत्रको मात्रै करिब रु ८० अर्ब बराबरको क्षति भएको छ । अध्यक्ष ढकाल निजी सबैभन्दा ठूलो रोजगारदाता भए पनि हरेक आन्दोलनमा निजी क्षेत्र निशानामा पर्नु गम्भीर विषय भएको बताउनुहुन्छ । आन्दोलनका क्रममा निजी क्षेत्रमाथि आक्रमण हुनुले निजी क्षेत्रको महत्व बुझ्न र बुझाउन नसकिएको उहाँको बुझाइ छ। सरकारले छोटो समयमा नै निजी क्षेत्रको धारणाअनुसार राहतका प्याकेज घोषणा गरेर निजी क्षेत्रको मनोबल उकास्ने काम गरेको र यसलाई महासङ्घले सकारात्मक रुपमा लिएको उहाँको भनाइ छ।

देशभर चेन निर्माण गरेर व्यापारमा विविधिकरण गर्दै आएको भाटभटेनी सुपरमार्केटमाथि आक्रमण भयो । भाटभटेनीका अध्यक्ष मिनबहादुर गुरुङले रु १० अर्ब ८५ करोड बराबरको क्षति भएको प्रधानमन्त्री सुशीला कार्कीसँगको भेटमा विवरण दिनुभएको छ । सो व्यापारिक प्रतिष्ठानको १२ वटा स्टोर पूर्णरुपमा जलाइएको र नौ वटामा आशिंक क्षति पुगेको छ।

कूल २८ स्टोरमध्ये १६ वटा भने पुनःसञ्चालनमा आइसकेको छ । भाटभटेनीले नेपालीको सबैभन्दा ठूलो चाड दसैँको अवसरमा स्टोर बन्द भएकै कारण कुनै पनि कर्मचारीलाई सेवाबाट नहटाउने यसअघि नै स्पष्ट पारिसकेको छ । दसैं भत्तासमेत दिने उसको घोषणा छ।

'रोजगारी कोही कसैको पनि जाँदैन, तलब भत्ता पनि रोकिदैन,' गुरुङले भन्नुभएको छ । भाटभटेनीका स्टोरमा राखिएका पाँच अर्ब ९६ करोड तीन लाख ६७ हजार पाँच सय ९३ रुपैयाँ बराबरको सामग्री पूर्णरुपमा जलेका छन् । यस्तै, झण्डै ५० करोड बराबरको सामग्री तोडफोड र लुटपाट भएको छ।

त्यस्तै, दूरसञ्चार सेवा प्रदायक एनसेलको लैनचौरस्थित मुख्य कार्यालयमा राखिएका दुई दर्जनभन्दा बढी सवारीमा गत भदौ २४ गते आगजनी गरिएको जनाएको छ। मुख्य कार्यालयको पहिलो तल्ला आगजनीका कारण क्षतिग्रस्त छ। १०औँ तल्लासम्म लुटपाट भएको छ । कर्मचारीका व्यक्तिगत सामानसमेत हराएका छन्।

लैनचौरका साथै एनसेलको पोखरा, धनगढी र कञ्चनपुरको महेन्द्रनगरको कार्यालयमा तोडफोड र अगजनी गरिएको छ । सो कम्पनीका करिब चार सय कर्मचारीले हाल घरैबाट सेवा दिइरहेका छन् । आगजनी र लुटपाटमा बाबजूत सो कम्पनीले तीन दिनसम्म आफ्ना सबै सेवा निःशुल्क दिएको थियो । नेपाल टेलिकमले जस्तै भ्वाइस, इन्टरनेट र एसएमएस निःशुल्क प्रदान गरेको सो कम्पनीले जनाएको छ।

एनसेलको सिमकार्ड बिक्री गर्नेदेखि त्यससँग जोडिएका झण्डै एक लाख बढीले रोजगारी पाएका छन् । मुलुकमा रोजगारी दिनेदेखि आर्थिक क्रियाकलापमा सहयोग गर्ने सङ्घ संस्था, उद्योग प्रतिष्ठानमाथि भएको आक्रमणले निजी क्षेत्र त्रस्त अवस्थामा रहेको महासङ्घले जनाएको छ।

होटल एशोसिएशन अफ नेपाल (हान) का अनुसार जेन्जी आन्दोलनका क्रममा होटल क्षेत्रमा मात्रै झण्डै रु २५ अर्ब बराबरको क्षति पुगेको छ । काठमाडौँमा रहेको अन्तरराष्ट्रिय चेन होटल हिल्टनको मात्रै रु आठ अर्ब बराबरको क्षति भएको छ । राजनीतिक व्यक्ति जोडिएको भन्ने हल्ला चलाएर दाङको माला इन, मोरङको नेपालीरिका होटलमाथि आक्रमण भएको सम्वद्ध पक्षले जनाएका छन् । यसैगरी पोखराको सरोवर होटल, बगैँचा रिसोर्ट, गुडबिल होटल, अशुंभरा होटलमाथि आन्दोलनका क्रममा आगजनी र तोडफोड भएको छ।

यस्तै, काठमाडौँको वर्णवास होटल पनि आक्रमणको शिकार भएको छ । व्यवसायी विनोद चौधरीको गुर्जुधारामा रहेको सिजी पार्कमा आगजनी र तोडफोड भएको छ । त्यहाँ राखिएका सामान लुटपाट भएको छ। चौधरीको निवासमा पनि आक्रमण र आगजनी गरिएको विवरण सार्वजनिक भएको छ । चौधरी समूहमा मात्रै करिब पाँच अर्बको क्षति पुगेको प्रारम्भिक आकलन छ।

महासङ्घका अध्यक्षसमेत रहनुभएका ढकाल सम्बद्ध चन्द्रागिरि केवलकारको बेस स्टेशनमा लुटपाट र तोडफोड भएको छ । आगजनीका कारण केवलकार बन्द छ । मौलाकालिका केवलकारमा ठूलो क्षति पुगेको छ । चन्द्रागिरिको केवलकार मर्मतपछि तत्कालै सञ्चालनमा ल्याउन सकिए पनि मौलाकालिकाको सञ्चालन भने अनिश्चित रहेको ढकालको भनाइ छ।

ढकालको आइएमई समूहले सातै प्रदेशमा केवलकार निर्माण गर्ने योजना अगाडि सारेको छ । सोही क्रममा पूर्वको पाथीभरामा केवलकार निर्माणका लागि स्थापना गरिएको कार्यालयमा आक्रमण र तोडफोड भएको जनाइएको छ।

यस्तै, काठमाडौँको थापाथली, पानीपोखरी, नक्साललगायतका स्थानका गाडी शोरुममा आगजनीका कारण ठूलो धनमालको क्षति भएको छ। विभिन्न प्रदर्शनी तथा मेला आयोजना गरेर अटो व्यवसायमा नयाँ उभार आइरहेको बेला जेन्जी आन्दोलनका नाममा भएको आगजनी र तोडफोडले ठूलो क्षति पुगेको व्यवसायीहरुको भनाइ छ।

सरकारले यसबीचमा के गऱ्यो

जेन्जीको प्रदर्शनका क्रममा भएको सार्वजनिक सम्पत्तिको क्षतिको मूल्याङ्कनका निम्ति राष्ट्रिय योजना आयोगको सचिवालयको नेतृत्वमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, विषयगत मन्त्रालय र जेन्जीका प्रतिनिधिसहितको समितिले ४५ दिनभित्र क्षतिको मूल्याङ्कनको प्रतिवेदन सरकारलाई प्रस्तुत गर्ने निर्णय गरेको छ।

आगजनी तथा तोडफोडबाट सिंहदरबारस्भित्र क्षति भएका भौतिक संरचना, सवारीसाधन, मेसिनरी औजारलगायतको मिनाहा गर्ने र लिलाम बिक्री गर्ने सरकारले निर्णय गरिसकेको छ । जेन्जी प्रदर्शनको क्रममा सृजना भएको असामान्य परिस्थितिबाट प्रभावित उद्योग, व्यापारिक तथा व्यावसायिक प्रतिष्ठान र आर्थिक गतिविधिलाई तत्काल सञ्चालन गर्नको निमित्त नेपाल सरकार, नेपाल राष्ट्र बैंक र बिमा कम्पनीहरूले विभिन्न किसिमका राहत सुविधाका कार्यक्रम शुरू गर्ने निर्णय भएको भएको अर्थमन्त्री डा रामेश्वर खनालले जानकारी दिनुभयो।

क्षतिग्रस्त संरचनाको पुनःनिर्माणका लागि आयात गरिने सामग्रीमा लाग्ने भन्सारमा ५० प्रतिशतसम्म छुट दिने प्रबन्ध गरिएको छ । बिमाबाट अग्रीम रुपमा क्षतिको ५० प्रतिशतसम्म दिनुपर्ने गरी व्यवस्था मिलाएको छ । त्यसैगरी सरकारले आन्दोलनबाट प्रभावित उद्योग र व्यवसायीले तिर्नुपर्ने ऋणको म्याद सार्नुपर्ने निर्णय गरेको छ । जसले कर्जा लिएर भुक्तानी गर्न सक्नेछन् । यस्तै, सहुलियतपूर्ण कर्जा र जसले कर्जा लिएर भुक्तानी गर्न नसक्नेका लागि राष्ट्रियस्तरमा खडा हुने पुनःनिर्माण कोषबाट प्रदान गरिनेछ।

त्यस्तै, सरकारले पुनःनिर्माणका लागि पुनःनिर्माण कोण खडा गर्ने निर्णय गरिसकेको छ । कोषमा नेपालभित्र र नेपाल बाहिरबाट नेपालीले इच्छाअनुसार योगदान गर्न पाउने छन् । अर्थमन्त्री खनालका अनुसार बैंक तथा वित्तीय संस्था र औद्योगिक प्रतिष्ठानले कम्पनीहरूले सामाजिक उत्तरदायित्वअन्तर्गतको रकम राख्न पाउने र त्यस्तो रकममा करकट्टी गर्न पाउनेछन्।

यस्तै, प्रधानमन्त्री सुशीला कार्कीले निजी क्षेत्रलाई कठिन परिस्थितिबाट दृढताका साथ उठ्न आह्वान गर्दै सरकार पूर्ण साथमा रहने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । यही असोज ५ गते निजी क्षेत्रका प्रतिनिधिहरुसँग भएको छलफलमा प्रधानमन्त्री कार्कीले हालैको जेन्जी प्रदर्शनका क्रममा व्यापारिक प्रतिष्ठान तथा उद्योगमा ठूलो क्षति पुगेको भन्दै राज्य र निजी क्षेत्र दुवैलाई साझा चुनौती आएको बताउनुभएको थियो। सरकारले अर्थतन्त्रका सुधारका लागि छिट्टै सुधारात्मक प्याकेज घोषणा गर्ने तयारी गरेको छ।

बिमा दाबी २२ अर्ब २५ करोड

जेन्जी पुस्ताको आन्दोलनका क्रममा भएका क्षतिको बिमा दाबी २२ अर्ब २५ करोड ६५ लाख रुपैयाँ बराबर पुगेको छ। नेपाल बिमा प्राधिकरणका अनुसार बिमा दाबी सबैभन्दा बढी बागमती प्रदेशमा रहेको छ। बागमती प्रदेशमा १७ अर्ब ९७ करोड ७२ लाख रुपैयाँ बराबरको बिमा दाबी परेको छ। कूल एक हजार तीन सय ४३ वटा दाबीको आवेदन परेको प्राधिकरणले जनाएको छ।

माइक्रो इन्स्योरेन्स कम्पनीसहित कूल १८ वटा बिमा कम्पनीमा दुई हजार चार सय ७८ वटा बिमा दाबीको आवेदन हो। ठूलो मात्रामा भौतिक सम्पत्तिको क्षति भएकाले दाबीको मात्रा अझै बढ्न सक्ने देखिएको छ । यो निजी क्षेत्रको क्षतिको मात्रै दाबी हो । सरकारी संरचनाको भने बिमा नभएका कारण दाबी भुक्तानी हुन सक्दैन । प्राधिकरणले उपलब्ध गराएको विवरणअनुसार, दिन ओरियन्टल इन्स्योरेन्स कम्पनीमा मात्रै रु पाँच अर्ब २२ करोड ९८ लाख बराबरको दाबीको आवेदन परेको छ । यस्तै, सिद्धार्थ इन्स्योरेन्समा रु पाँच अर्ब आठ करोड २८ लाख बराबरको आवेदन प्राप्त भएको छ। सम्पत्ति बिमाको पाँच सय ३८, मोटर बिमा एक हजार सात सय ७८, इञ्जिनियरिङ तथा ठेकेदार जोखिमका एक सय ३२, परिवहन बिमा ११ र अन्य बीमाका १९ वटा आवेदन प्राप्त भएको जनाइएको छ। रासस

# सरकारद्वारा खर्च कटौती गर्ने निर्णय कार्यान्वयनमा प्रश्न



पवनराज पौडेल

रामेश्वर खनालले अर्थ मन्त्रालय सम्हालेपछि सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले हालै त्यसका लागि विभिन्न निर्णयहरू गरेको थियो । तिनको उद्देश्य 'सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, निर्वाचन खर्च व्यवस्थापन र आर्थिक पुनरुत्थान तथा राहत कार्य आदिका निम्ति विकास आयोजनाको पुनप्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्नु' रहेको छ।

पूर्वमहालेखापरीक्षक टङ्कमणि शर्माका अनुसार विगतमा पनि त्यस्ता निर्णयहरू हुने गरेका भए पनि तिनको कार्यान्वयन फितलो हुने गरेको थियो । ती निर्णयका प्रभावकारिता अहिल्यै जाँच्न नसकिने धारणा राख्दै उनी भन्छन्, 'अहिलेको सरकारले गरेका निर्णय कति कार्यान्वयन हुन्छ र त्यसले कस्तो नतिजा दिन्छ भनेर हेर्नुपर्ने हुन्छ । अन्यथा मितव्ययितासम्बन्धी निर्णयहरू नौला होइनन् ।' त्यस्तै अर्थविद् केशव आचार्यले 'अनुत्पादक खर्च'मा कडाइ गर्ने निर्णय कार्यान्वयन भए वा नभएको अनुगमन कसरी गरिएला भन्ने चासोको विषय भएको बताए।

'किनकि अनुगमनका निम्ति भिन्दै संयन्त्र बनाएको देखिँदैन,' उनले भने, 'त्यसका साथै यो सरकार छ महिनाका निम्ति भनिएकाले अर्थमन्त्रीले गरेका निर्णयहरू उक्त अवधिमा पूरा हुन्छन् कि हुँदैनन् र त्यसपछि तिनले निरन्तरता पाउँछन् कि पाउँदैनन् भन्ने पनि यसको महत्त्वपूर्ण पक्ष हो ।' 'अर्थमन्त्री खनालले नयाँ कुरा थप्नुभएको होइन, पुरानै कुरा हुन् र सवाल कार्यान्वयनको हो।'

खर्च घटाउन कस्ता उपाय

सरकारले आयोजनाको प्राथमिकीकरण र पुँजीगत खर्च व्यवस्थापनतर्फ विगतमा स्रोत सहमति लिई निर्माणाधीन आयोजनामा बजेटको कमी हुन नदिने तर मन्त्रालयगत बजेट सूचना प्रणालीमा नयाँ प्रविष्ट भएका, पूर्वतयारी नभएका र दोहोरो प्रविष्टि भएका कम महत्वका ससाना आयोजना तथा कार्यक्रमहरू रोक्का राख्ने निर्णय गरेको छ । त्यस्तै विभिन्न मन्त्रालयअन्तर्गत रहेका बजेट शीर्षकमा बजेट विनियोजन भए पनि उद्देश्यभन्दा बाहिरका र कम महत्वका क्षेत्रमा रहेको बजेट विनियोजनलाई रोक्का राख्ने निर्णय गरिएको छ।

सरकारले प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने प्रकृतिका ससाना 'खुद्रे आयोजना' मा पनि बजेट रोक्का गर्ने निर्णय गरेको छ। सङ्घीय सरकारबाट सञ्चालन हुने वा वित्तीय हस्तान्तरण भएका प्रदेश वा स्थानीय तहबाट सञ्चालन हुने १० लाख रुपैयाँभन्दा बढीका आयोजनाहरू उपभोक्ता समितिबाट कार्यान्वयन नगराउने र आयोजना टुक्र्याएर उपभोक्ता समितिबाट काम गराउन नपाइने निर्णय पनि भएको छ।

त्यस्तै खर्च मितव्ययिता र स्रोत परिचालनतर्फ सार्वजनिक निकायका पदाधिकारी र कर्मचारीलाई नियमित कामका निम्ति बैठकभत्ता उपलब्ध नगराउने, परामर्श सेवा लिने सम्बन्धनमा कडाइ गर्ने, पुराना संरचना तथा सामान प्रयोग गर्न प्रोत्साहित गर्ने र सरकारी भौतिक संरचनाको बीमा गर्ने काम थाल्ने निर्णय गरिएको छ।

मनपरी सल्लाहकार भर्ती गर्न नपाइने सङ्गठन सुधारतर्फ भूमि समस्या समाधान आयोग खारेज गर्ने निर्णय गरेको सरकारले स्वीकृत दरबन्दी बाहेकमा अस्थायी तथा करारमा कर्मचारी राख्न नपाइने निर्णय पनि गरेको छ । त्यस्तै राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्ष बाहेकका तीनै तहका पदाधिकारीका लागि सल्लाहकार नियुक्ति नगर्ने तथा राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रदेशप्रमुख, नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रीबाहेक सांसदलगायत अन्य राजनीतिक पदाधिकारीको स्वकीय सचिवको सुविधा खारेज गर्ने निर्णय गरिएको छ।

त्यस्तै चालु खर्च घटाउनेतर्फ राष्ट्रपति वा प्रधानमन्त्रीको नेतृत्वमा हुने विदेश भ्रमणमा बढीमा १०–सदस्यीय प्रतिनिधिमण्डल हुने र अन्यमा तीन जना मात्रै सदस्य रहने निर्णय पनि भएको छ।

त्यस्तै स्वीकृत दरबन्दी भएको अवस्थामा बाहेक अस्थायी तथा करारमा कर्मचारी राख्न नपाउने, राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्षबाहेक अन्य पदाधिकारीले सल्लाहकार नियुक्ति नगर्ने तथा सांसदलगायत अन्य राजनीतिक पदाधिकारीको स्वकीय सचिवको सुविधा खारेज गर्ने लगायतका निर्णय त्यसमा छन्।

त्यसैगरी बक्यौता असुलीतर्फ अन्तिम लेखा परीक्षणबाट असुलउपर गर्ने भनी तोकिएको बेरुजु तुरुन्त असुलउपर गर्ने भनिएको छ । अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयले ती निर्णय कार्यान्वयन गर्न नेपाल सरकारका सबै मन्त्रालय तथा निकाय, प्रदेश सरकार तथा सबै स्थानीय तहलाई पत्राचार गरिसकिएको जनाएका छन्।

**कार्यान्वयनबारे विज्ञका मत**

अर्थविद् आचार्य सरकारले 'नीतिगत वक्तव्य'ले मात्रै तात्त्विक परिवर्तन नआउने बताउँछन् । 'विगतमा पनि सरकारहरूले वर्षेनि यस्ता कुरा गर्ने गरेका हुन्,' उनले भने, 'अहिलेको सरकारले अध्यादेश वा नियमावलीजस्ता उपायमार्फत् यस्ता निर्णय कार्यान्वयनका निम्ति बलियो संरचनागत बन्दोबस्त गर्न सकेमा मात्र त्यसको अर्थ रहन्छ।'

'अर्थमन्त्री खनाल अनुभवी र प्रतिबद्ध व्यक्ति भएकाले पहिलेको तुलनामा यी निर्णयहरू कार्यान्वयन हुने सम्भावना बढी छ । तर त्यो हुनका निम्ति उनले यी निर्णय कार्यान्वयन भए नभएको जाँच्ने दह्रो अनुगमन संयन्त्र बनाएको हुनुपर्छ ।' पूर्वमहालेखापरीक्षक शर्मा पनि आचार्यको मतसँग सहमत छन्।

'आन्तरिक लेखाले अनुगमन गऱ्यो भने छ महिनापछाडि होला, महालेखाले गऱ्यो भने एक–डेढ वर्षै लाग्ला,' उनले भने, 'सङ्घीय तहसम्ममा त्यसो गर्न सकिए पनि प्रदेश र स्थानीय तहका आआफ्नै संयन्त्र हुने भएकाले सुझावसम्म दिने हुन सक्छ। त्यसैले नियमित अनुगमन कसरी गरिन्छ भन्ने प्रश्न रहन्छ।' अर्थ मन्त्रालयका प्रवक्ता पाण्डेय सार्वजनिक खर्चको अनुगमन गर्ने व्यवस्था पहिलादेखि नै भएकाले भिन्दै संयन्त्रको खाँचो नदेखिएको बताउँछन्।

'अहिले हाम्रो खर्चको निकासा, भुक्तानी र लेखा परीक्षण महालेखा नियन्त्रक कार्यालय र अन्तर्गतका कोष तथा लेखा नियन्त्रकको कार्यालयहरूबाट हुन्छ । कसैले नियम विपरीतका खर्च गरे भने असुलउपर गर्ने र बेरुजु कायम गर्ने काम हुन्छ,' उनले भने, '(त्यसैले) अहिलेकै संयन्त्र पर्याप्त छ र त्यसैअनुसार अनुगमन हुन्छ।'

'सरकार, सरकारका निर्देशिका र कार्यविधिहरू अस्थायी होइनन्, मौजुदा कानुन नै हुन् । मौजुदा कानुनको अनुगमन, आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षण अहिलेको व्यवस्था अनुसार नै हुन्छ ।' 'त्यस्तै प्रदेश र स्थानीय तहलाई पनि आर्थिक मापदण्ड तथा निर्देशिकाहरू सङ्घले नै बनाउने भन्ने कानुनमा भएको व्यवस्थाअनुसार नै निर्णय कार्यान्वयनका निम्ति परिपत्र गरेका हौं,' उनले भने, ''त्यसमा कुरा बाझिँदैन।' बीबीसी

# शान्ति सुरक्षा, अमनचयन कायममा सम्झौता हुँदैनः प्रहरी उपरीक्षक

**विराटनगर।**
मोरङका प्रहरी उपरीक्षक कवित कटवालले शान्ति सुरक्षा, अमनचयन कायम गर्ने सन्दर्भमा कोहीकसैसँग सम्झौता नगरिने स्पष्ट गरेका छन् । मोरङ जिल्लामा सरुवा भएपछि बुधवार यहाँस्थित सञ्चारकर्मीहरुसँगको भेटघाटमा प्रहरी उपरीक्षक कटवाल जिल्लामा अमनचयन कायम गरी आमनागरिकको जिउधनको सुरक्षा सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गरे।
समाजमा हुन सक्ने चारी, डकैती, तस्करीलगायत आपराधिक क्रियाकलाप पूर्णरुपमा नियन्त्रण गर्ने, कुनै किसिमको गैह्रकानुनी कामकारवाही हुन नदिने र कानुन हातमा लिई व्यक्ति तथा समाजलाई आतङ्कित बनाउन प्रयास गर्नेहरूलाई कानुनको कठघरामा उभ्याउने काममा समर्पित नेपाल प्रहरीलाई सहयोग गर्न जिल्लाबासीसँग अनुरोध गरे।
प्रहरी उपरीक्षक कटवालले विगतका घटनाक्रमबाट पाठ सिकेर प्रहरी सङ्गठन अघि बढ्ने विश्वास दिलाउँदै देश र जनताको पक्षमा अहोरात्र खटिने सुरक्षा संयन्त्रलाई सञ्चारकर्मीसहित समाजका सबै क्षेत्रबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गरे।रासस

# राष्ट्रिय सभाका अध्यक्षद्वारा संसद भवन अवलोकन



**काठमाडौँ।**
राष्ट्रिय सभाका अध्यक्ष नारायण प्रसाद दाहालले बानेश्वरस्थित संघीय संसद भवनको अवलोकन गरेका छन्।
बुधबार बुधबार उनले भदौ २४ गतेको आगजनीबाट क्षति भएको संसद भवनको अवलोकन गरेका हुन्।
भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनमा संसद भवन जलेर ध्वस्त भएको थियो।रासस

# तोकिएकै मितिमा निर्वाचन गराउन माओवादीको माग

**काठमाडौं।**
नेकपा माओवादी केन्द्रले घोषित मितिमै निर्वाचन गराउन सरकारसँग माग गरेको छ।
बुधबार बसेको स्थायी कमिटीको बैठकले फागुन २१ मै निर्वाचन गर्न सरकारसँग माग गर्ने निर्णय भएको प्रवक्ता अग्नि सापकोटाले बताए।
बैठकले जेनजीसहित परिवर्तनकारी शक्तिहरूसँग संवाद गर्ने र समाजवादी मोर्चा र विचार मिल्ने शक्तिहरूसँग एकताको लागि प्रभावकारी पहल गर्ने समेत निर्णय गरेको सापकोटाले बताए।
उनले भने, 'बैठकले घोषित मितिमै निर्वाचन गराउन सरकारको पूर्ण ध्यानाकर्षण गर्ने र पार्टीको तर्फबाट यथासम्भव भूमिका खेल्ने छ।
जेनजी लगायत लोकतन्त्र, अग्रगमन र परिवर्तनका पक्षधरसँग वार्ता सम्वाद गरेर समझदारी कायम गर्ने समेत निर्णय गरको छ। समाजवादी मोर्चाका साथै अन्य विचार र राजनीतिक विचार मिल्नेसँग एकताका लागि प्रभावकारी पहल गर्ने समेत निर्णय गरेको छ।' यसैगरी नेकपा माओवादी केन्द्रले भोलि बस्ने केन्द्रीय कमिटी बैठकको लागि एजेन्डा तय गरेको । विशेषगरि महाधिवेशनमा जाने निर्णय गर्दै एजेन्डा तय गरेको सापकोटाले बताए । केन्द्रीय समिति भंग गरेर संयोजक समितिको संयोजक अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) हुने बताए । रासस

# चीन जोड्ने सडक सञ्जाल सुधारमा सहयोगको अपिल

**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात एवं सहरी विकासमन्त्री कुलमान घिसिङ र नेपालका लागि चीनका राजदूत चेन सोङबीच बुधवार शिष्टाचार भेटवार्ता भएको छ ।
सिंहदरबारस्थित भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा भएको भेटमा नवनियुक्त मन्त्री घिसिङलाई चिनियाँ राजदूत सोङले बधाई दिनुका साथै सफल कार्यकालको शुभकामना व्यक्त गरेका थिए ।
भेटमा नेपाल–चीनबीचको सडक तथा विद्युत् प्रसारण लाइन कनेक्टिभिटी, चिनियाँ निर्माण व्यवसायीबाट ठेक्का लिएका सडक तथा विद्युत् आयोजनाको निर्माण प्रगति, ऊर्जा क्षेत्रमा सहकार्य, चिनियाँ सहायतामा सञ्चालित आयोजनाहरुको कार्यान्वयन अवस्था, चिनियाँ लगानीलगायतका विषयमा छलफल भएको थियो ।
भेटमा मन्त्री घिसिङले नेपाल र चीनलाई सडक सञ्जालबाट जोड्ने काठमाडौँ–कोदारी (अरनिको) र स्याप्रुबेँसी–रसुवागढी सडक महत्वपूर्ण र संवेदनशील रहेको तर पहिरो र कमजोर भौगोलिक अवस्थितका कारण जोखिमयुक्त रहेकाले चिनियाँ प्रविधि प्रयोग गरी सडक मर्मत गरी स्थायी रुपमा सञ्चालनका लागि आवश्यक सहयोग गरिदिन आग्रह गरेका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनाएको छ ।
यसैगरी काठमाडौँ उपत्यका चक्रपथ विस्तारअन्तर्गत चिनियाँ अनुदानमा निर्माण हुने कलङ्की–बसुन्धरा खण्डको काम तत्काल सुरु गर्न, अरुण नदी करिडोरमा धेरै जलविद्युत् आयोजनाहरु निर्माणाधीन रहेको र नेपालको विद्युत् बजारलाई थप प्रतिस्पर्धी बनाउन किमाथाङ्काबाट अर्को अन्तरदेशीय प्रसारण लाइन निर्माण अगाडि बढाउन उनले आग्रह गरे ।
मन्त्री घिसिङले चिनियाँ कम्पनीले ठेक्का लिएका कमला–कञ्चनपुर आयोजनाको निर्माण सन्तोषजनक नरहेको जानकारी गराउँदै नारायणघाट–बुटवल तथा मुग्लिन–पोखरा सडक बिस्तारको कामलाई गतिदिन आवश्यक सहयोग र सहजीकरणका लागि पहल गरिदिन आग्रह गरेका थिए ।
सो अवसरमा राजदूत सोङले छिमेकी मित्रराष्ट्र नेपालको प्राथमिकताका आधारमा यसअघि जस्तै सक्दो सहयोग गर्न चीन तयार रहेको बताए ।
उक्त भेटमा भौतिक मन्त्रालयका सचिव केशवकुमार शर्मा, विकास सहायता समन्वय तथा गुणस्तर महाशाखा प्रमुख सुशीलबाबु ढकाल र सडक विभागका महानिर्देशक बिजय जैशी एवं परराष्ट्र मन्त्रालय उत्तरपूर्व एसिया महाशाखाका उपसचिव मनहरी दङ्गाललगायतका अधिकारीको उपस्थिति थियो ।रासस

# मन्त्रिमण्डलमा सेक्युरिटिज रिसर्च निकाय गठन माग




**काठमाडौँ ।**
पूर्व प्रहरी संगठनले हालको मन्त्रिमण्डलमा अन्य विज्ञहरु भएपनि सुरक्षा विज्ञ नभएको कारण पूर्व सुरक्षाकर्मी समूहबाट सुरक्षाविद्सहितको सेक्युरिटिज रिसर्च निकाय गठनको लागि प्रधानमन्त्री सुशीला कार्कीसमक्ष माग गरेको छ ।
बुधबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै पूर्व प्रहरी संगठनले जेन–जी आन्दोलनका क्रममा सुरक्षा निकायहरुले हारेको टिप्पणी गर्दै सुरक्षाविद्सहितको सेक्युरिटिज रिसर्च निकाय गठनको लागि माग गरेका हुन् ।
पूर्व प्रहरी संगठनका अध्यक्ष वशन्त कुँवरले जनपद प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनासँग सरकारले 'तपाईंहरु किन हार्नुभयो ?'भनेर प्रश्न गर्नुपर्ने बताए ।
शासन सत्ता उल्टिने, सम्पूर्ण सरकारी भवनहरु जल्ने अवस्था सिर्जना हुनुमा प्रहरी संगठनलाई कमजोर पार्नु मुख्य कारण रहेको उनले बताए ।
उनले भने, 'सुरक्षा फौज हार्छ भने सुरक्षा फौजलाई पालेको किन ? सेनाको रोल के थियो ? उहाँहरुले आफ्नो काम गर्न सक्नुभयो कि भएन ? सशस्त्रको रोल के थियो ? उहाँहरुले आफ्नो काम गर्न सक्नुभयो कि भएन ? हामीलाई कुन प्रधानमन्त्री मन पर्यो, कुन मन परेन, कुन दलको छ ? त्यो हामी एकछिन बिर्सिऊँ । अबको नेपालको समस्या के आयो भने कुनै पनि सरकार नटिक्ने भयो । त्यसकारण हाम्रो भनाइ के हो भने, सरकारले सोधोस् कि– तपाईंहरु किन हार्नुभयो ?' यस्तै, पूर्व एसएसपी प्रदीप कुमार श्रेष्ठले नेपाल पूर्व प्रहरी संगठनले जेन–जी आन्दोलन र वर्तमान सरकारप्रति समर्थन जनाएको बताए । 'नेपाल पूर्व प्रहरी संगठन सुशासनको लागि जेन–जी पुस्ताद्वारा अगाडि सारिएको पवित्र उद्देश्यको हामी समर्थन गर्छौं । अहिले देशमा जेन–जी पुस्ताले जुन किसिमको आन्दोलन गर्यो, जसरी अहिले परिवर्तन आएको छ, सरकार गठन भएको छ । यो आन्दोलनलाई नेपाल पूर्व प्रहरी संगठनले पूर्ण रुपमा समर्थन गर्दछ,'उनले भने ।
जेन–जी आन्दोलनको क्रममा भएको सरकारी, निजी र व्यवसायिक सम्पत्तिमाथिको तोडफोड र आगजनीको समेत पूर्व प्रहरी संगठनले भत्र्सना गरेको छ । अपराधजन्य कार्य गर्ने, लुटपाट गर्ने व्यक्तिहरुलाई कानूनबमोजिमको कारबाही गर्न पूर्व प्रहरी संगठनले नेपाल सरकारसँग माग गरेको छ । रासस

# डा. भट्टराईद्वारा नेसपा (नयाँ शक्ति) को अध्यक्ष पद त्याग

**काठमाडौँ।**
नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष एवं पूर्व प्रधानमन्त्री डा बाबुराम भट्टराईले पार्टीको अध्यक्ष पद त्याग गरेका छन।
दीपज्योती बैङ्क्वेट बौद्धमा बुधवार बसेको नेसपा (नयाँ शक्ति)को केन्द्रीय समितिको विशेष विस्तारित बैठकमा अध्यक्ष डा भट्टराईले पदत्याग गर्ने प्रस्ताव पेस गर्नुभएको र केन्द्रीय समितीद्वारा स्वीकृत गरेको सो पार्टीका प्रवक्ता कृष्ण शर्माले जानकारी दिए।
उनले भने, 'अध्यक्ष भट्टराईको पदत्याग गर्ने प्रस्ताव केन्द्रीय समितीद्वारा स्वीकृत भएको छ । पार्टीका उपाध्यक्ष दुर्गा सोवको अध्यक्षतामा महाधिवेशन आयोजक समिति बनाउने निर्णय गरिको छ।'
महाधिवेशनसम्मको निम्ति उपाध्यक्ष दुर्गा सोबलाई संयोजक र महासचिव सोनामसिंह स्याङ्तानलाई सदस्य सचिव तथा पार्टी प्रवक्तामा कृष्ण शर्मालाई तोकिएको सो पार्टीका केन्द्रीय सदस्य टङ्क धमलाले बताए।
उनका अनुसार नेसपा (नयाँ शक्ति) ले आउँदो फागुन महिनासम्ममा आफ्नो पार्टीको विशेष महाधिवेशन गर्ने तयारी गरेको छ।रासस

# सूचनाको हकसम्बन्धी अभ्यास अझै अपूर्णः महान्यायाधिवक्ता



**काठमाडौँ ।**
महान्यायाधिवक्ता सविता भण्डारीले सूचनाको हक सम्बन्धी अभ्यास अझै पनि अपूर्ण रहेको बताएकी छन् ।
अन्तर्राष्ट्रिय सूचना दिवस २८ सेप्टेम्वर २०२५ कार्यक्रममा बोल्दै उनले सूचनाको पहुँचलाई सहज बनाउनेतर्फ सरकारी निकायहरु जिम्मेवार हुनुपर्नेमा जोड दिएकी छन् ।
'अहिले पनि सूचनाको कुरामा हाम्रो बुझाइ सबैको फरक छ,'भण्डारीले भनिन्, 'सूचना भनेको तत्कालै उपलब्ध हुने कुरा हो ।तत्काल नहुने भए सात दिनभित्र उपलब्ध गराउने कानुनी व्यवस्था छ । तर अहिलेको चलन भने निवेदन सात दिन थन्क्याएर त्यसपछि फेरि सात दिनपछि मात्रै जानकारी दिने गरिएको छ, जुन नियमविपरीत हो ।' महान्यायाधिवक्ता भण्डारीले सूचनाको हक कार्यान्वयनमा राज्य गम्भीर नदेखिएको टिप्पणी गरिन् ।
'हामीले सूचनाको हकलाई व्यवहारमा उतार्ने प्रयास त गरेका छौं, तर त्यसमा अझै पनि धेरै काम गर्न बाँकी छ,'उनले भनिन् ।
उनले देशमा प्रशस्त प्राकृतिक स्रोत र सम्पदा भएको उल्लेख गर्दै तिनको उचित प्रयोग गर्न नसकेकोमा पनि चिन्ता व्यक्त गरिन् । 'हामीसँग स्रोत र साधन छन्, तर तिनको उपयोग गर्न सकेका छैनौं,'उनले भनिन् ।रासस

# नारायणगढ–मुग्लिन सडकको दिगो समाधान निकाल्न आग्रह

**काठमाडौँ।**
नेपाल ट्रक यातायात व्यवसायी महासंघले नारायणगढ–मुग्लिन सडक खण्डमा पटक–पटक पहिरो खस्दा देशको आपूर्ति प्रणाली अस्तव्यस्त बन्न पुगेको भन्दै सरकारलाई दिगो समाधान निकाल्न माग गरेको छ।
महासंघका अनुसार चितवनको इच्छाकामना गाउँपालिका वडा नम्बर ५ तुईनखोलामा मंगलबार साँझ ४ देखि ५ बजेसम्म लगातार खसेको भीषण सुक्खा पहिरोका कारण सडक अनिश्चितकालका लागि अवरुद्ध बनेको छ। निरन्तर पहिरो खसिरहेको, सडक भासिएको र उच्च जोखिम देखिनुले यातायात व्यवसाय गम्भीर संकटमा परेको महासंघका महासचिव राजेन्द्र बिक्रम बाँनियाले बताए।
गत असोज ३ गते साँझ खसेको पहिरो ठूलो मेहनतपछि पन्छाएर सडक सञ्चालनमा ल्याइए पनि फेरि मंगलबार ठूलो पहिरो खसेर आवागमन ठप्प भएको महासंघले जनाएको छ। त्यस्तै, धादिङको बेनिघाट रोराङ गाउँपालिका वडा नम्बर १० जवाडखोला (बाँदरे मोड) मा खसेको पहिरो करिब १० घण्टापछि मात्र पन्छाइएकामा केही समयमै अर्को ठूलो पहिरो खस्नुले यस क्षेत्रमा दिगो समाधान आवश्यक रहेको स्पष्ट भएको महासंघको तर्क छ।
सडक अवरुद्ध हुँदा मालवाहक ट्रकले बोकेका औषधि, पेट्रोलियम पदार्थ, कृषिजन्य वस्तुहरू समयमै गन्तव्यसम्म पु¥याउन नसक्दा ठूलो क्षति भइरहेको महासंघका महासचिव बाँनियाले बताए। विशेषगरी कृषिजन्य सामग्री बिग्रनु, ढुवानीमा ढिलाइ हुनु र आपूर्ति प्रणाली नै अस्तव्यस्त हुनुले जनजीवनमा प्रत्यक्ष असर परेको तथा चालक र सर्वसाधारणको सुरक्षामा गम्भीर जोखिम थपिएको उल्लेख गरिएको छ।
यस पृष्ठभूमिमा महासंघले अस्थायी रूपमा मात्र पहिरो पन्छाएर समस्या समाधान गर्न सकिंदैन भन्दै नारायणगढ–मुग्लिन सडक खण्डलाई दीर्घकालीन रूपमा सुरक्षित, भरपर्दो र वैज्ञानिक ढंगले पूर्वाधार निर्माण गर्न सरकारसँग माग गरेको छ। साथै, वैकल्पिक मार्ग सुधार गरी तत्काल प्रयोग योग्य बनाउनुपर्ने आवश्यकता पनि महासंघले जोड दिएको छ। रासस

# कक्षा १२ को मौका परीक्षा सम्पन्न




**भक्तपुर।**
राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को पूरक अर्थात् मौका परीक्षा बुधवार सम्पन्न गरेको छ।
गत भदौ २८ र २९ गते सञ्चालन गर्नेगरी तालिका सार्वजनिक गरे पनि 'जेनजी' आन्दोलनबाट आएको नयाँ परिस्थितिका कारण सरेको परीक्षा असोज ७ र ८ गते सञ्चालन गर्नेगरी बोर्डले नयाँ तालिका सार्वजनिक गरेको थियो।
बोर्डले मङ्गलबार ७ गते अनिवार्य अङ्ग्रेजी (००४१), एक विषयको मात्रै परीक्षा दिने परीक्षार्थीका लागि सबै विषय र दुई विषयमा परीक्षा दिने परीक्षार्थीका लागि आफूले परीक्षा दिने विषयमध्येको सानो कोड नम्बर भएको विषय अर्थात् अनिवार्य अङ्ग्रेजी र अनिवार्य नेपाली दुवै विषयका (पूरक) परीक्षामा सहभागी हुने परीक्षार्थीले पहिलो दिन अनिवार्य अङ्ग्रेजी (००४१) को परीक्षा दिएका थिए।
बुधबार दुई विषयमा परीक्षा दिने परीक्षार्थीमध्ये आफूले परीक्षा दिने विषयमध्येको ठूलो कोड नम्बर भएको विषयको परीक्षा सञ्चालन गरेको बोर्डको परीक्षा नियन्त्रण कार्यालयले जानकारी दिएको छ । बोर्डका अनुसार परीक्षा देशभरका सबै परीक्षा केन्द्रमा शान्तिपूर्ण रुपमा सम्पन्न भएको जनाएको छ।रासस

# प्रदेश सुरक्षा समन्वय समितिको बैठक



**कर्णाली ।**
प्रदेशको पछिल्लो शान्ति सुरक्षालगायत विषयलाई लिएर बसेको 'कर्णाली प्रदेश सुरक्षा समन्वय समिति'को बैठक सम्पन्न भएको छ ।
कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलको अध्यक्षतामा बुधवार बसेको उक्त बैठकमा शान्ति सुरक्षालगायत समग्र अवस्थाबारे छलफल र समीक्षा गरिएको मुख्यमन्त्रीका प्रमुख स्वकीय सूर्यमणि गौतमले जानकारी दिए ।
उनका अनुसार बैठकले मुलुकको पछिल्लो परिस्थिति एवं नजिकिँदै गरेको विजयादशमी, दिपावली, छठ पर्वमा यात्रु आवागमनलाई सहज बनाउनतर्फ विशेष सरोकार राख्ने निर्णय भएको छ ।
त्यस्तै, कानुनविपरीत हुनसक्ने आपराधिक घटनालाई नियन्त्रण गर्न सम्बद्ध सुरक्षा निकायसहित सबैले आआफ्नो ठाउँबाट योगदान, समन्वय र सहजीकरण गर्न आह्वान गर्दै शान्तिसुरक्षा कायम गर्ने निर्णय भएको जनाइएको छ ।
बैठकमा प्रमुख सचिव वीरेन्द्रकुमार यादव, उत्तरपश्चिम पृतनापति दिपेशजङ्ग शाह, सुर्खेतका प्रमुख जिल्ला अधिकारी जगदिश्वर उपाध्याय, प्रहरी नायब महानिरीक्षक माधवप्रसाद श्रेष्ठ, सशस्त्र प्रहरी महेश्वरी बाहिनीका कामु बाहिनीपति विनोदराज श्रेष्ठलगायत प्रदेश तहका सबै सुरक्षा प्रमुखको उपस्थिति थियो । रासस

# अर्थमन्त्री खनालद्वारा क्षतिग्रस्त आन्तरिक राजस्व कार्यालयको निरीक्षण

**विराटनगर ।**
अर्थमन्त्री रामेश्वर खनालले आर्थिक मितव्ययिता सम्बन्धित मन्त्रिपरिषद् बैठकद्वारा गरिएका निर्णय सबै क्षेत्रमा लागू हुने जानकारी दिएका छन । मन्त्रिपरिषद्ले यही असोज ५ गते आर्थिक मितव्ययिता सम्बन्धी विभिन्न निर्णय गरेको थियो । 'जेनजी' प्रदर्शनका क्रममा तोडफोड एवं आगजनी भएको आन्तरिक राजस्व कार्यालयको बुधवार निरीक्षण गर्दै उनले सो जानकारी दिएका हुन ।

सो अवसरमा मन्त्री खनाललाई सो कार्यालयका प्रमुख केशव उप्रेतीले क्षतिको विवरण हस्तान्तरण गरेका थिए । मन्त्री खनालले निरीक्षण गरिरहनुभएका समयमा कर्मचारीहरुले सवारीसाधन राख्न बनाइएको टहराबाट सेवाग्राहीलाई सेवा प्रदान गरिरहेका थिए ।

अर्थमन्त्री खनाल एकीकृत भन्सार जाँचचौकी रानी विराटनगरमा हुने राजस्व चुहावट नियन्त्रण समितिको बैठकमा सहभागी हुने मोरङका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए । उनका अनुसार मन्त्री खनाल आज अपराह्न उद्योगी एवं व्यापारीसँग मोरङ व्यापार सङ्घ विराटनगर हुने छलफलमा पनि सहभागी हुने कार्यक्रम छ ।रासस

# काँकरभिट्टाबाट करिब तीन अर्बको पेट्रोलियम पदार्थ आयात

**झापा ।**
चालु आर्थिक वर्ष २०८२–८३ को पहिलो दुई महिनामा काँकरभिट्टा नाकाबाट दुई अर्ब ८४ करोड ४८ लाख ८४ हजार रुपैयाँको पेट्रोलियम पदार्थ आयात भएको छ । नाकाबाट पेट्रोल, डिजेल, एलपी ग्यास, एटिएफ, मट्टितेल आयात भएको हो ।

मेची भन्सार कार्यालयका सूचना अधिकारी एवं भन्सार अधिकृत ईश्वरकुमार हुमागाईँका अनुसार गत आवको सोही अवधिको तुलनामा नाकाबाट आयात हुने पेट्रोलियम पदार्थ १० करोड ६१ लाख २८ हजार रुपैयाँ अर्थात् तीन दशमलव ६० प्रतिशतले घटेको छ । यद्यपि पेट्रोलियम पदार्थबाट प्राप्त राजस्व शून्य दशमलव ५० प्रतिशत अर्थात् ६४ लाख तीन हजार रुपैयाँले बढेको उनले बताए ।

कार्यालयको तथ्याङ्कअनुसार गत साउन भदौ महिनामा पेट्रोलियम पदार्थ आयातबाट एक अर्ब ३९ करोड ८६ लाख ३० हजार रुपैयाँ राजस्व सङ्कलन भएको छ । उक्त अवधिमा एक अर्ब ४२ करोड ७२ लाख रुपैयाँ मूल्य बराबरको १६ हजार ३५२ किलोलिटर पेट्रोल आयात भएको थियो । यसैगरी ८४ करोड ४२ लाख रुपैयाँ मूल्य बराबरको नौ हजार चार किलोलिटर डिजेल आयात भएको छ ।

यसैगरी ४० करोड ४९ लाख रुपैयाँ मूल्य बराबरको चार हजार २३३ मेट्रिक टन एलपी ग्यास, १३ करोड २८ लाख रुपैयाँ मूल्य बराबरको एक हजार ४८८ किलोलिटर एटिएफ र दुई करोड २२ लाख रुपैयाँ मूल्यबराबरको दुई सय ४८ किलोलिटर मट्टितेल आयात भएको छ ।रासस

# विश्व पारा एथलेटिक्समा प्रभा र हिमाल सहभागी

**काठमाडौँ ।**
विश्व पारा एथलेटिक्स च्याम्पियनसिपमा नेपालबाट दुई खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन् ।

भोलिदेखि १९ गतेसम्म भारतको नयाँ दिल्लीमा हुने प्रतियोगितामा समान एक पुरुष र एक महिला खेलाडीले नेपालको चुनौती पेश गर्ने छन् ।

पुरुषमा हिमाल अर्यालले एफ–५५ क्याटगोरीको सटपुटमा प्रतिस्पर्धा गर्नेछन् । महिलमा प्रभा आङदेम्बेले टी–४७ क्याटगोरीको लङ जम्पमा खेल्ने छिन् ।

अफिसियलमा पारा एथलेटिक्स सङ्घ नेपालका अध्यक्ष ओमनाथ सिवोकाटी तथा व्यवस्थापकमा सचिव साङबु भोटे रहेका छन् ।

टोलीलाई सफलताको शुभकामना दिँदै राष्ट्रिय खेलकुद परिषद्का सदस्य–सचिव टङ्कलाल घिसिङले बुधवार यहाँ आयोजित एक कार्यक्रममा सफलताको शुभकामना दिँदै विदाई गरे ।

अध्यक्ष सिवाकोटी बाहेकको टोली भोलि भारत प्रस्थान गर्नेछ । अध्यक्ष सिवाकोटी भने केही दिनपछि जाने कार्यक्रम रहेको बताइएको छ ।रासस

# लगानीकर्ताले नाफा बुक गर्दा २७ अंकले घट्यो नेप्से

**काठमाडौं ।**
शेयर कारोबार मापक नेप्से परिसूचक बुधबार २७ अंकले घटेको छ । दशैं अघि लगानीकर्ताले नाफा बुक गर्दा नेप्से घटेको हो । यसअघि दुईदिन लगातार बढेको बजार आज २७.८९ अंकले घटेर २६५४.३५ बिन्दुमा झरेको हो ।

यसअघि मंगलबार नेप्से ५८.६३ अंकले बढेर २६८२.२५ बिन्दुमा रोकिएको थियो । नेप्सेसँगै यसदिन कारोबार रकम पनि घटेको छ ।

यसदिन कुल ३१७ स्टकको ४ अर्ब १२ करोड ४८ लाख २१ हजार ८६३ रुपैयाँको ९४ लाख ८ हजार ६६३ कित्ता शेयर कारोबार भएको छ । अघिल्लो कारोबार मंगलबार ५ अर्ब २९ करोड २७ लाख ७३ हजार ९२५ रुपैयाँ बराबरको १ करोड १३ लाख ५३ हजार १४८ कित्ता शेयर कारोबार भएको थियो । आज कारोबारमा आएका मध्ये १९३ कम्पनीको शेयर मूल्य घट्दा ५३ कम्पनीको शेयर मूल्य मात्रै बढेको छ ।

यस दिन सेन्सेटिभ इण्डेक्स ४.९७ अंक घटेको छ भने फ्लोट इण्डेक्स १.९५ अंक र सेन्सेटिभ फ्लोट इण्डेकस १.७६ अंक घटेको छ ।

आज शेयरबजारमा ३ कम्पनी, माथिल्लो मैलुङ्ग खोल जलविद्युत, सिटि होटल, हिम स्टार उर्जाको शेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएका छन् । त्यस्तै, सिटिजन्स म्युचुअल फण्ड र भिजन लुम्बिनी उर्जा कम्पनी को मूल्य करिब ८ प्रतिशत बढ्यो भने उन्नती सहकार्य लघुवित्त को शेयर मूल्य ५.३८ प्रतिशत घटेर सबैभन्दा धेरै गिरावट देखिएको छ ।

कारोबार रकमका आधारमा युनियन हाइड्रोपावर शीर्ष स्थानमा रह्यो जसको कारोबार २२ करोड १३ लाख रुपैयाँको भएको छ । त्यसपछि नेपाल पुनर्बीमा कम्पनीको करिब १७ करोड ३२ लाख र हिमालयन रि इन्स्योरेन्सको १३ करोड रुपैयाँ भन्दा बढीको शेयर कारोबार भएको छ ।

आज कुल १३ उपसमूहमध्ये २ उपसमूह (होटल तथा पर्यटन, म्युचुअल फण्ड) मात्र बढे भने बाँकी ११ उपसमूह घटेका छन् । यस दिन अन्य उपसमूह सर्वाधिक २.१६ प्रतिशतले घटेका छन् । साथै विकास बैंक, वित्त, लगानी, निर्जीवन बीमा र व्यापार उपसमूह पनि १ प्रतिशत भन्दा बढीले घटेका छन् । समग्रमा, आज बजारमा सीमित कम्पनीका शेयर बढे पनि अधिकांश उपसमूह र कम्पनीहरूको मूल्य घटेको दिन रह्यो ।रासस

# पाकिस्तानमा गरिबी दर २५.३ प्रतिशतः विश्व बैंक

**काठमाडौं ।**
पाकिस्तानमा गरिबी दर तीव्र गतिमा बढ्दै गएको विश्व बैंकको ताजा प्रतिवेदनले देखाएको छ । 'रि–क्लेमिङ मोमेन्टम टुवाड्र्स प्रोसपेरिटीः पाकिस्तान'स पभर्टी, इक्विटी एन्ड रेजिलियन्स असेस्मेन्ट' शीर्षकको प्रतिवेदनमा देशका कमजोर समुदायलाई जोगाउन दीर्घकालीन र समावेशी सुधारको आवश्यकता तत्काल देखिएको जनाइएको छ ।

ताजा प्रतिवेदनअनुसार पाकिस्तानको गरिबी दर पछिल्ला तीन वर्षमा ७ प्रतिशतले बढ्दै सन् २०२४–२५ मा २५.३ प्रतिशत पुगेको छ । यो दुई दशकयताकै पहिलो गहिरो अध्ययन हो । जसमा २५ वर्षभन्दा बढी समयावधिको घरायसी सर्वेक्षण, भौगोलिक विश्लेषण, प्रक्षेपण र विभिन्न प्रशासनिक तथ्यांकहरू प्रयोग गरिएको छ । पाकिस्तानबाट प्रकाशित हुने अंग्रेजी पत्रिका डॉनका अनुसार पाकिस्तानमा सन् २००१–०२ मा ६४.३ प्रतिशत रहेको गरिबी दर २०१८–१९ मा २१.९ प्रतिशतमा झरेको थियो । तर २०२० पछि पुनः बढ्दै गएको छ । यसको कारणका रूपमा कोभिड–१९ महामारी, मुद्रास्फीति, भीषण बाढी र समष्टिगत आर्थिक अस्थिरता रहेको विश्व बैंकले जनाएको छ । प्रतिवेदनले गरिबी घटाउने अघिल्ला उपलब्धि उपभोग–आधारित आर्थिक वृद्धिले सम्भव भए पनि त्यो मोडेल अब समाप्त भएको उल्लेख गरेको छ ।

अघिल्लो गरिबी घटाउने क्रममा कृषि बाहेकका रोजगारीबाट आय बढ्नु प्रमुख कारण थियो । धेरै परिवार खेतीपाती छाडेर सेवा क्षेत्रमा गएका थिए । तर पाकिस्तानमा संरचनात्मक रूपान्तरण सुस्त र असमान भएकाले रोजगारी सिर्जना, विविधीकरण र उत्पादकत्व वृद्धिमा अवरोध पुगेको प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै, अनौपचारिक रोजगारी अझै ८५ प्रतिशतभन्दा बढी रहेको र महिला तथा युवाहरू अझै ठूलो संख्यामा श्रम बजारबाट बाहिर रहेका तथ्यांक पनि प्रतिवेदनमा समेटिएको छ ।

आर्थिक चुनौतीसँगै सामाजिक घाटा पनि गम्भीर रहेको विश्व बैंकले जनाएको छ । पाकिस्तानमा करिब ४० प्रतिशत बालबालिका कुपोषण (स्टन्टिङ) का शिकार छन् । चौथाइ बालबालिका प्राथमिक तहको विद्यालय बाहिर छन् भने विद्यालय जानेमध्ये तीन चौथाइले पनि आधारभूत पढ्ने–लेख्ने सीपमा संघर्ष गरिरहेका छन् ।

२०१८ सम्म आइपुग्दा पाकिस्तानका आधा परिवारमात्रै सुरक्षित खानेपानीमा पहुँचमा थिए भने करिब एक तिहाइ परिवारसँग सुरक्षित सरसफाइको सुविधा थिएन । प्रतिवेदनले क्षेत्रीय असमानता अझै कायम रहेको पनि उल्लेख गरेको छ । ग्रामीण क्षेत्रको गरिबी दर शहरी क्षेत्रमा भन्दा दोब्बरभन्दा बढी छ भने दशकौंदेखि पिछडिएका जिल्लाहरू अझै पुरानै अवस्थामै छन् ।एएनआई

# दशैँ शुरू भएसँगै बेसी झर्न थाले भेडीगोठ



**बागलुङ ।**
दशैँ नजिकिएसँगै लेकबाट भेडीगोठ बेसी झन थालेका छन् । वर्खायाममा करिब चार महिना लेकमा बस्ने गोठला आफ्ना वस्तुभाउ लिएर बेसी झर्न थालेका हुन् ।

जेठ दोस्रो सातादेखि लेक उक्लिने गोठालाहरु दशैँको पहिलो दिन घटनस्थापना शुरू भएसँगै बेसी झर्न थालेका हुन् । महिनौँ लेकमा बसेका गोठलाहरु परिवारसँग भेट्ने आशा बोकेर बेसी झरि रहेका छन् । बागलुङको निसीखोला, ढोरपाटन, तमानखोलालगायत क्षेत्रबाट स्थानीय वर्खाको समयमा वस्तुभाउ लिएर लेक उक्लिने गर्छन् ।

गोठालाहरु ढोरपाटन सिकार आरक्ष क्षेत्रमा पर्ने टीकाधारा, फागुने, गर्पाछेडा, स्याचुङसहित निसीखोलाको रिग, खोलाखानी, तिलाचन र तमानखोलाको सोलेडाँडालगायत क्षेत्रमा पुग्ने गर्छन् । ती क्षेत्रहरु समुन्द्री सतहदेखि तीन हजारदेखि चार हजार पाँच सय मिटरको उचाइसम्म पर्छन् । लेकबाट भेडीगोठ बेसी झर्न थालेपछि बेसी क्षेत्रमा गोठालाको चहलपहल बढेको छ । पश्चिम बागलुङका धेरै किसान पशुपालनमा आबद्ध रहेका छन् । चार महिनापछि बेसी झरेका गोठालालाई ठूलो पर्व नै आएको छ ।

महिनौँ परिवारसँग टाढिएका उनीहरु अब आगामी जेठ महिनासम्मसँगै हुने छन् । एकै परिवारले दुई सयदेखि एक हजार बढीसम्म भेडा पाल्दै आएका छन् । गोठालाहरु हप्तौँको यात्रा गरेर बुकी चढ्ने र बेसी झर्ने गर्छन् । बेसीमा भन्दा बुकी क्षेत्रमा भेडाबाख्राका लागि चरन क्षेत्र र पोषिलो घाँस पर्याप्त पाइने हुँदा जेठदेखि नै लेक चढ्न थाल्छन् ।

यतिबेला ढोरपाटन उपत्यका, पातीहाल्ने, सोलेडाँडा, भर्कोबाङलगायत क्षेत्रमा भेडाको ठूलो बथान भेटिन्छन् । यो समय भेडाबाख्रा बेच्ने सिजन भएको हुँदा गोठालाहरु बेसी झरेर बजार तिर लाग्ने गर्छन् । बेसी झरेका गोठालेहरु अब केही दिनमै मुख्यमुख्य सहरसम्म हप्तौँ दिन हिँडेर भेडाबाख्रा बेच्न जाने गर्छन् । दशैँका लागि भेडा च्याङ्ग्रा बेचेर खर्च जोहो गर्छन् । निसीखोला गाउँपालिका–६ का कुमानसिंह विश्वकर्माले तीन महिना २३ दिनमा लेकबाट फर्किएको बताए । आफ्ना दुई सय बढी भेडा रहेको सुनाउँदै छिटो झर्दा घाँस पुऱ्याउन समस्या हुने गरेको उनको भनाइ छ । चार महिनालाई पुग्ने खर्च पहिले नै लिएर लेक उक्लिएको विश्वकर्माले सुनाए ।

उनले भने, 'हाम्रा बाउबाजेले यहीँ पेशा गरे, हामीहरुले यसलाई निरन्तरता दिँदै आयौँ, तर हाम्रो छोरानातीले भेडा गोठाला बन्न चाहेनन्, उनीहरुले पढ्ने लेख्ने भए, विदेश जाने भए, जेठ असारमा लेक उक्लिने र असोजमा बेसी झर्ने त हाम्रो लागि संस्कृति नै भयो, यो साल मात्रै होइन हामीहरु हरेक वर्ष वर्खामा लेक उक्लिने र हिउँद शुरू भयो भने बेसी झर्ने गर्छौं, घर परिवारसँग महिनौँ दिन टाढा भएर बस्न त मन हुँदैन तर के गर्ने गोठालाको बाध्यता यस्तै छ ।' वर्खाभरी पोषिलो घाँस खाएर सप्रिएका खसी, बोका र भेडाको मूल्यसमेत राम्रो पर्ने हुँदा एउटै भेडापालक किसानले वार्षिक लाखौँ आम्दानी गर्ने गरेका छन् । बेसी झरिसकेका गोठालालाई बजारमा कुन–कुन खसी, बोका र भेडा लैजाने भनेर छनोट गर्न थालेका छन् । गोठालाहरु भेडा बेच्नका लागि केही बुर्तिवाङ, खर्बाङ, गुल्मीको रिडी, पाल्पा हुँदै बुटवलसम्म पुग्छ भने कोही गलकोट, बागलुङ, पर्वत हुँदै पोखरासम्म पुग्ने तयारीमा छन् । ढोरपाटन नगरपालिका–९ का तुलबहादुर पुनले लेकमा विस्तारै चिसो बढ्न थालेपछि बेसी झरेको बताए ।

आफू असार ३ गते बुकीपाटन उक्लिएको सुनाउँदै चाडबाड मान्नका लागि हरके वर्ष घटस्थापनाका दिन बेसी झर्ने गरेको उनको भनाइ छ । 'म यसरी लेकबेसी गरेर वस्तुभाउ पाल्न थालेको ४०–४२ वर्ष भयो, यो अवधिमा कात्तिकसम्म लेकमा बसेको छैन, लेकमा बस्दा धेरै समस्या हुन्छ, अब त विस्तारै जाडो बढ्न थाल्यो, भेडाबाख्रा मर्छन्, दशैँ अल्ली पछाडि हुँदा असोज २०–२२ तिर झथ्र्यो अहिले त अलि छिटै प¥यो', उनले भने, 'असारमा गएपछि म तीज बेला एकपटक घरमा झरेको थिएँ, पटक–पटक आउजाउ गर्ने गाह्रो हुन्छ, नजिक छैन लेक त्यहीँ भएर खर्च पर्च एकै पटक लिएर जाने र दशैँ मनाउन आउने गर्छौं ।'

लेकबाट वस्तुभाउ बेसी झरेपछि तल्लो क्षेत्रमा चहलपहल बढेको छ । जसले दशैँको माहोल बढाएको छ । निसीखोला–६ का कुलबहादुर घर्तीले डेढ सय भेडा बेसी झारी सकेको सुनाउँदै ५५ वटा गाई अझै लेकमा रहेको बताए । गाई लिनका लागि एक जना आफन्तलाई लेक पठाएको उनको भनाइ छ । गाई १३ गतेसम्म बेसी झारी सक्ने घर्तीले सुनाए ।रासस

# भक्तपुरमा दशैँका लागि च्याङ्ग्रा ल्याइयो



**भक्तपुर ।**
दशैँका लागि मुस्ताङ हुँदै भक्तपुरमा च्याङ्ग्रा ल्याइएको छ । सल्लाघारीस्थित नेपाल ट्रष्टको नाममा रहेको ९९ रोपनी चौरमा ती च्याङ्ग्रा राखिएको हो । गत वर्षको तुलनामा यस वर्ष च्याङ्ग्रा मूल्य पनि बढेको छ । भक्तपुरका साथै काठमाडौं, ललितपुर, काभ्रलगायत क्षेत्रका बासिन्दा च्याङ्ग्रा लिन भक्तपुर आउन थालेका छन् । व्यापारीले प्रतिकिलो जिउँदो च्याङ्ग्रा एक हजार ३०० रुपैयाँ सम्ममा बिक्री गरिरहेका छन् । गतवर्ष जिउँदो च्याङ्ग्रा प्रतिकिलो एक हजार ५० रुपैयाँ मा बिक्री भएको थियो ।

रामेछापका च्याङ्ग्रा व्यापारी हिमलाल श्रेष्ठले गतवर्ष भन्दा यसवर्ष मुस्ताङको घारमा महँगोमा किन्नु परेकाले यहाँ पनि मूल्य बढेको बताए । सल्लाघारी चौरमा च्याङ्ग्रा बिक्री गर्दै उनले भने, 'चीनबाट मुस्ताङसम्म ल्याइएका च्याङ्ग्रा नेपाली व्यापारीले मुस्ताङबाट खरिद गर्दा प्रतिगोटा ४० रुपैयाँ देखि ४५ हजारसम्म तिुर्न परेकाले यसवर्ष महँगो भएको हो ।' च्याङ्ग्रा ल्याउँदा मासु जोखेर नभई सानो र ठूलो मिलाएर गोटा गन्तीबाट खरिद गर्नुपर्ने बताउँदै श्रेष्ठले सानो र ठूलोको एउटै मूल्य तिरेर ल्याउनु पर्ने र यहाँ किलोमा बिक्री गगर्नु परेकाले उपभोक्तालाई महँगो पर्ने गरेको उल्लेख गरे ।

व्यापारी रमेश खड्काले पनि च्याङ्ग्रा प्रतिकिलो एक हजार ३५० रुपैयाँ सम्ममा बिक्री गरिरहेको जनाउँदै मुस्ताङमा बढी मूल्य दिरेर खरिद गरिएकाले यसवर्ष महँगोमा बिक्री गर्नुपरेको बताए । च्याङ्ग्रा ल्याउँदा यसवर्ष विभिन्न ठाउँमा करिब ३० हजार रुपैयाँ कर तिरेको जनाउँदै खड्काले सल्लाघारीमा ठाउँ लिएबापत भक्तपुर नगरपालिकालाई प्रतिव्यापारीले २५ हजार रुपैयाँ कर तिर्नुपरेको बताए ।रासस

# मुग्लिन–नारायणगढको विकल्पमा प्रयोग गर्न सकिन्छ यो सडक



**तनहुँ।**
मुग्लिन–नारायणगढ सडकखण्डअन्तर्गत तुइनखोलामा पहिरो खस्दा केही दिनयता दैनिकजसो सर्वसाधारणले सास्ती भोगिरहेका छन्।
पहिरो हटाउँदै राजमार्गमा यातायात सञ्चालन गरिए पनि पहिरो खस्ने र सडक अवरुद्ध हुने क्रम रोकिएको छैन। निरन्तर ढुङ्गा खसिरहेकाले सडकमा नियमित यातायात सञ्चालन गराउन समस्या भइरहेको छ । दसैँको समयमा पहिरोले बाटो बन्द हुँदा सर्वसाधारण मारेमा परेका छन्।
मुग्लिन–नारायणगढ सडकको विकल्पमा तनहुँको खैरेनीटार हुँदै डेढगाउँ निस्कने मार्ग प्रयोग गर्न सकिन्छ । यो सडकलाई गण्डकी प्रदेश सरकारले गौरवको योजनाको रुपमा राखेको छ। मुस्ताङदेखि तराइ जोड्ने गरी यो सडक प्रदेश सरकारले निर्माण गरिरहेको छ।
साना सवारीसाधनका लागि यो सडक उपयुक्त छ । त्यसका लागि दमौली–खैरेनीटारबाट बायाँतर्फबाट भीमाद–मानपुर हुँदै
डेढगाउँ–वुलिङटार–ढोडेनी–गैँडाकोट पुग्न सकिने यो बाटो प्रयोग गरिसक्नुभएका प्रकाशचन्द्र भट्टराईले जानकारी दिए । मुग्लिनदेखि खैरनीटारसम्म ७० किमि दूरी छ । खैरेनीटार–भीमाद कालोपत्र सडक सात किलोमिटर र भीमाद–मानपुर कच्चीसडक ३५ किलोमिटर छ। मानपुर–डेढगाउँ कालोपत्रे (४० किमि), डेढगाउँदेखि नारायणगढ ७० किमी रहेको छ।
मोटरसाइकल चालकले दमौलीबाट केशवटार सुखौरा हुस्लाङ धरमपानी हुँदै घुमाउने झोलुङ्गे पुल तरेर मुग्लिन–नारायण सडकखण्ड निस्किएर यात्रा गर्न सक्ने धरमपानीका स्थानीय विजय रानाको भनाइ छ। मुग्लिनको बाटो अवरुद्ध भएपछि केही मोटरसाइकल चालकले यही बाटो प्रयोग गरिरहेको उनले बताए।रासस

# फेरियो लोपोन्मुख राउटेको जीवनशैली

**कञ्चनपुर।**
कुनै समय जङ्गलमा गिठा, तरुल, कन्दमूल आदि आहाराको भरमा जीवन निर्वाह गर्ने राउटेहरु यतिबेला अन्य जातिसँगै समाजमा घुलमिल हुन थालेका छन्। जङ्गलमा रहँदा काठका सामग्री बनाउन नपाएपछि उनीहरु यतिबेला सरकारले दिने सामाजिक सुरक्षा भत्ताको भरमा जीवन निर्वाह गरिरहेका छन्।
कञ्चनपुरको भीमदत्त नगरपालिका–९ स्थित टुँडिखेलका बडसिंह राउटेले आफूहरु समुदायमा हुने हरेक क्रियाकलापमा सहभागी हुन थालेको बताउँछन् । 'सरकारले हामीलाई जङ्गलबाट बस्तीमा ल्यायो, मासिक रुपमा भत्ता दिने गरेको छ, मेरो सीपअनुसार काम नपाएपछि सरकारले दिने भत्तामा बाच्नुपरेको छ', उनले भने।
जङ्गलमा बस्दा काठबाट विभिन्न सामग्री बनाएर जीविकोपार्जन गर्ने राउटे समुदाय बस्तीमा बस्न थालेपछि जङ्गलबाट काठ ल्याउन नपाएको उनको भनाइ छ । जङ्गलबाट फर्किएर अन्य नागरिक जस्तै जीवन बिताउन थाले पनि सीप अनुसारको काम नपाउँदा समस्या भएको उनको गुनासो छ।



'हाम्रा छोराछोरी पढे लेखेका छैनन्। सरकारले रोजगारीको व्यवस्था गरिदिनुपर्थ्यो', राउटेले भने, 'सरकारले तीन महिनामा चार हजार रुपैयाँका दरले भत्ता दिन्छ। त्यसले मात्रै खाना लाउन खान पुग्दैन।'
समाजमा अन्य नागरिक सरह जीवन निर्वाह गरिरहेको भए पनि रोजगारीको समस्याका कारण छोरा भारत पसेको यहाँका किरीदेवी राउटेको भनाइ छ। 'हामी समाजमा घुलमिल त भएका छौँ तर रोजगारी नहुँदा समस्या भएको छ', उनले भने, 'भत्ताले दैनिकी चलाउन सकस परेपछि छोरा रोजगारीका लागि भारत गएको छ।'
उनले जङ्गली जीवनभन्दा समुदायमै राम्रो लाग्ने गरेको बताए। 'जङ्गली जीवन छोडेर अन्य नागरिक जस्तै बस्न थालेका छौँ यहीँ राम्रो लाग्छ', उनले भने, 'सरकारले हामीलाई आयआर्जन हुने कुरामा जोडिदिएको भए राम्रो हुन्थ्यो।' करिब पाँच लाख जनसङ्ख्या भएको कञ्चनपुरमा तीन परिवार मात्रै राउटे समुदायको बसोबास छ । दार्चुलाको लालीबाट डडेल्धुराको जोगबुढा हुँदै कञ्चनपुरको टुँडिखेल बसाइ सरेका राउटेहरु परम्परागत पेसाको विकल्प खोज्न थालेका छन्।
'हाम्रो पूर्खाको जस्तो सीपले यहाँ गुजारा गर्न गाह्रो छ। गाउँघरमा पाइयो भने मजदुरीमा जाने गरेका छौँ', अनिता राउटेले भने, 'अहिलेको समय सुहाउँदो सीप सिकाएर सरकारले हामीलाई आत्मनिर्भर बनाउन लाग्नुपर्छ।'
जङ्गलमा बस्दा काठका भाँडाकुँडा अन्नसँग साटेर गुजारा गरेका राउटे अहिले सरकारले दिएको भत्ताले दैनिक आवश्यक खाद्यान्न खरिद गर्ने गरेका छन् । पछिल्लो समय समुदायमा हरेक चाडपर्वमा राउटेको सहभागिता हुने गरेको छ।रासस

# धवलागिरिका ४४० घरमा खानेपानी सुविधा विस्तार

**म्याग्दी ।**
धवलागिरि गाउँपालिकामा यस वर्ष निर्माण सम्पन्न भएका दुईवटा योजनामार्फत चार सय ४० घरपरिवार लाभान्वित भएका छन् ।
धवलागिरि गाउँपालिका–७ को मच्छिम, शिवाङ र हिलापोखरीमा तीन सय २३ तथा वडा नं ६ मा पर्ने राम्चे, मराङबेँसी र कुम्रीका एक सय १७ घरमा खानेपानी सुविधा विस्तार भएको हो ।
गाउँपालिकाका प्राविधिक शाखाका प्रमुख लोकेन्द्र रावलले ठेक्कामार्फत निर्माण भएका दुईवटै योजनामा दुई करोड ३२ लाख पाँच हजार ८४ रुपैयाँ खर्च भएको बताए ।
आयोजना प्रभावित दुईवटा वडाका छवटा टोलका सबै घरमा खानेपानी वितरणका लागि मिटरसहितको धारा निर्माण भएको छ । मुहान, ट्याङ्की, मुख्य र शाखा पाइप लाइन निर्माण गरेर घरघरमा सफा र स्वच्छ खानेपानी आपूर्ति हुने व्यवस्था मिलाइएको छ ।
घरघरमा खानेपानी सुविधा भएपछि स्थानीयवासीलाई समयको बचत र पानी ओसार्न हुने झन्झट हटेको धवलागिरि गाउँपालिका–६ का लाल केसीले बताए । यसअघि सार्वजनिक धाराबाट खानेपानी उपभोग गर्दै आएका थिए ।
मच्छिम, शिवाङ, हिलापोखरी खानेपानी योजनामार्फत मच्छिमको शिरमा रहेको बज्रेमा मुहानबाट पानी ल्याएर वितरण भएको छ । यो योजनाका लागि एक करोड ३६ लाख ३४ हजार ३११ रुपैयाँ खर्च भएको छ ।
एक करोड १३ लाख ४९ हजार रुपैयाँमा आर्थिक वर्ष २०७८÷७९ मा ठेक्का सम्झौता र यस वर्ष सकिएको मराङको खानेपानी योजनामा एक करोड सात लाख ५२ हजार २१२ रुपैयाँ भुक्तानी भएको छ । मराङ खानेपानी योजनाबाट खानेपानी वितरण भइसकेको छ ।
मच्छिम, शिवाङ, हिलापोखरी खानेपानी योजनाको संरक्षणको परीक्षण सफल भए पनि प्रयोगमा आएको छैन । धवलागिरि गाउँपालिका–७ का वडाध्यक्ष अशोक खत्रीले उपभोक्ता समिति गठन गरेर योजना हस्तान्तरण र बर्खा सकिएपछि सञ्चालन गरिने बताए ।रासस

# फरार ९१ जना थुनुवा अझै सम्पर्कविहीन

**झापा ।**
विर्तामोड, दमक र झिलझिलेस्थित इलाका प्रहरी कार्यालयको हिरासतबाट फरार भएको ९१ जना थुनुवा सम्पर्कविहीन रहेको प्रहरीले जनाएको छ ।
जेनजी आन्दोलनका क्रममा गत भदौ २४ गते प्रहरी कार्यालयमा आगजनी र तोडफोड भएपछि तीन कार्यालयको हिरासतमा रहेका ९२ जना थुनुवा फरार भएका थिए । फरार भएकामध्ये एक जना थुनुवा आफैँ सम्पर्कमा आएको र बाँकीको खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी खगेन्द्रबहादुर खड्काले बताए ।
जेनजी आन्दोलनका क्रममा विर्तामोडको अनारमनी इलाका प्रहरी कार्यालयबाट ५१ जना, दमक इप्रकाका ३६ जना र झिलझिले इप्रकाका पाँच जना थुनुवा फरार भएको प्रहरीले जनाएको छ ।
जेनजी आन्दोलनका क्रममा भदौ २४ गते विर्तामोड र दमकको इलाका प्रहरी कार्यालयबाट लुटिएका हतियार भने अधिकांश फिर्ता भएका छन् । प्रहरीका अनुसार लुटिएका ९९ थान हतियारमध्ये ७५ थान सकुशल फिर्ता भइसकेका छन् भने २४ थान हतियार अझै फिर्ता भएको छैन ।रासस

# ललितपुर–मकवानपुर–सिन्धुली सडकमा चाडपर्वलक्षित सवारी व्यवस्थापन

**ललितपुर ।**
चाडपर्वमा हुने भीडभाडलाई लक्षित गर्दै ललितपुर जिल्ला प्रशासन कार्यालयले कान्ति लोकपथ हुँदै मकवानपुर–सिन्धुली जाने सार्वजनिक तथा निजी यात्रुवाहक सवारीसाधनको आवागमनसम्बन्धी विशेष व्यवस्था गरेको छ ।
जिल्ला प्रशासन कार्यालय, ललितपुरले असोज ७ देखि असोज २१ गतेसम्म (कोजागत पूर्णिमा) सवारी सञ्चालनका लागि समयसीमा तोक्दै आवागमनलाई सहज बनाउन व्यवस्था मिलाएको हो । उक्त अवधिमा ३० टनभार वहन क्षमता र अधिकतम १० चक्के सवारीसाधनमात्र बेलुका ९:०० बजेसम्म तोकिएका प्रवेश तथा प्रस्थान बिन्दुमा पुगिसक्नुपर्ने प्रावधान गरिएको छ । बगुवा (बागमती गाउँपालिका–२) र ललितपुर जिल्लाबाट प्रस्थान विन्दु टीकाभैरव (गोदावरी नगरपालिका –६) तोकिएको छ ।साथै मनसुन वर्षा अझै सक्रिय रहने भएकाले पहिरो तथा अन्य जोखिम कायम रहेको भन्दै प्रशासनले यात्री र चालकलाई सतर्कतासाथ यात्रा गर्न आग्रह गरेको छ । सुरक्षाकर्मीले दिने निर्देशनानुसार मात्र सवारी सञ्चालन गर्न, लेन अनुशासन पालना गर्न र सम्भावित जोखिमलाई ध्यानमा राख्न विशेष अनुरोध गरिएको छ ।रासस

# लेदुवा खोलाको पुल सात वर्षदेखि अलपत्र

**सुनसरी।**
धरान उपमहानगरपालिका–५ स्थित देवी गाउँमा रहेको लेदुवा खोलामा पुल निर्माण सुरु भएको सात वर्ष भयो । सम्झौताअनुसार चार वर्षअघि नै निर्माण सकिनुपर्नेमा हालसम्म पुल निर्माण पूरा भएको छैन।
पुल नबन्दा स्थानीयवासीले सास्ती भोग्नु परिरहेको छ । पुल निर्माणका लागि विसं २०७७ साउन ४ गते कोशी प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय र वल्र्ड ट्रेड कन्स्ट्रक्सन कम्पनीबीच एक करोड २१ लाख ८६ हजार आठ सय १३ रुपैयाँ को लागतमा सम्झौता भएको थियो । सम्झौतअनुसार विसं २०७८ साउन ७ गतेभित्र पुलको निर्माण पूरा हुनुपर्ने थियो।
यद्यपि पुल निर्माण अहिले ५० प्रतिशत मात्रै पूरा भएको धरान उपमहानगरपालिका–५ का अध्यक्ष मनप्रसाद लिम्बूले बताए । उनका अनुसार दुवैतर्फका पिलरहरू उठाइए अहिले सबै झाडीले ढाकिसकेको छ । अरू संरचनात्मक काम अलपत्र अवस्थामा छन्।



पुल नबन्दा धरान उपमहानगरपालिका–५ र ४ का साथै धरान बजारसँगको आवतजावतमा समस्या भएको छ।
बर्खामा खोलामा आउने बाढी आउने भएकाले गाउँलेहरू ज्यानको जोखिम मोलेर खोला पार गर्न बाध्य छन्। 'बिरामी परे अस्पताल पु¥याउन कठिन हुन्छ, बाँसको अस्थायी पुल बनाउने प्रयास गरे पनि बाढीले भत्काइदिन्छ', अध्यक्ष लिम्बूले भने।
स्थानीय नरबहादुर मगरका अनुसार खोला तरेर विद्यालय जानुपर्ने बालबालिका बर्खामा झन् समस्यामा पर्छन्। बाढीको बेला बालबालिका खोलाको किनारमा घण्टौसम्म बस्नुपर्छ। 'गाउँमा उत्पादन भएको कृषि उपज धरान लैजानका लागि पनि समस्या छ, पुल निर्माण भए सहज हुन्थ्यो भन्ने अपेक्षा छ', उनले भने।
धरान–५ मा कक्षा ५ सम्म मात्रै पढाइ हुने विद्यालय छ। कक्षा ६ देखि माथिल्लो कक्षा पढ्न खोलापारीको धरान बजार पुग्नुपर्छ । मनटार, सुमनटार, मुक्तिलाल, निशान डाँडा र तल्लो निशान डाँडाका विद्यार्थीहरू दैनिक जोखिम मोलेर विद्यालय जान बाध्य छन्।
पटक–पटक म्याद थप्दा पनि ठेकेदार कम्पनीले काम नगरेको गुनासो स्थानीयको छ । गत चैत १२ गते ठेकेदारलाई बोलाएर 'जेठ मसान्तसम्म काम सक्ने गरी सहमति गरायौँ, तर अहिले त सम्पर्कमै छैन', अध्यक्ष लिम्बूले भने।
पुल निर्माणका विषयमा गत चैतमा प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री भूपेन्द्र राईले स्थलगत अनुगमन गर्नुभएको थियो। मन्त्री राईका अनुसार काम नगर्ने ठेकेदार कम्पनीको ठेक्का रद्द गरेर धरौटी जफत गर्ने प्रक्रिया सुरु गरिएको थियो । तर ठेकेदार कम्पनीले अदालतबाट स्टे–अर्डर लिएपछि काम अघि बढ्न नसकेको उनको भनाइ छ।रासस

# टेम्केमैयुङका दश दलित परिवारलाई सरकारले बनाइदियो घर

**भोजपुर।**
टेम्केमैयुङ गाउँपालिका–९ का दलित परिवारले नयाँ घर पाएका छन् । आर्थिक अभावका कारण टहरामा पाल हालेर जीवनयापन गरिरहेका १० दलित परिवारले जनता आवास कार्यक्रममार्फत घर पाएका हुन् । गरिबीका कारण घर बनाउन नसक्दा कष्टकर जीवन बिताउँदै आएको अवस्थामा सरकारले घर निर्माण गरिदिएपछि सहज भएको स्थानीयवासी देवीचरण दर्नालले बताए । टहरामा त्रिपाल हालेर वर्षौं कटाएको अवस्थामा घर पाउँदा आफूलाई निकै खुसी लागेको उनको भनाइ छ।
'गरिबीका कारण घर बनाउन नसक्दा पुस्तौँबाट टहरामा त्रिपाल टाँगेर बसेका थियौँ', उनले भने, 'वर्षात तथा जाडोको समयमा जीवनयापन गर्न कष्टकर थियो। घर बनेपछि हामीलाई सहज भएको छ।'
खुला आकाश तथा गोठ टहरामा जीवन कटाउँदै आएको अवस्थामा राज्यले घर बनाइ दिएकाले दैनिकी चलाउन सहज भएको स्थानीय फुलमाया विश्वकर्माले बताए । 'घर बनेसँगै अहिले दैनिकी नै फेरिएको छ', उनले भने, 'गरिबीका कारण जीवन निकै कष्टकर थियो। घर बनाएर बस्न सक्ने अवस्था थिएन । राम्रो आम्दानीको स्रोत नहुँदा दैनिक ज्यालादारी गर्नुपर्ने अवस्था छ। सरकारले घर बनाइदिएपछि जीवन गुजारा गर्न सहज बनेको छ । घर पाउँदा निकै खुसी लागेको छ।'
घर नहुँदा चिसोका कारण दैनिक जसो बालबच्चा बिरामी हुने गरेको भए पनि अब त्यस्तो समस्याको अन्त्य भएको विश्वकर्माले बताए। सरकारले आर्थिक अवस्था कमजोर भएका घरविहीन दलित परिवारको पहिचान गरेर घर निर्माण गरिएको हो। सरकारको जनता आवास कार्यक्रमअन्तर्गत सहरी विकास तथा भवन डिभिजन कार्यालय धनकुटाबाट आएको बजेटमार्फत विपन्न परिवारको घर निर्माण गरिएको वडाध्यक्ष नभराज माङ्गपाहाङ्गले जानकारी दिए।
एक परिवार बराबर रु तीन लाख ३६ हजार लगानीमा घर निर्माण भएको वडाध्यक्ष माङ्गपाहाङ्गको भनाइ छ । 'राज्यको तहबाट १० दलित परिवारले नयाँ घर पाएका छन', वडाध्यक्ष माङ्गपाहाङ्गले भने, 'आर्थिक रुपमा अतिविपन्न परिवारले घर पाएका हुन् । आर्थिक अवस्था कमजोर भएकाको घर निर्माणको लागि सिफारिस गरेको थियौँ।'
यी घर निर्माण सम्पन्न भए पश्चात पुनःअन्य तीन विपन्न परिवारको आवश्यक प्रक्रिया पूरा गरेर पठाएकोमा हालसम्म बजेट प्राप्त नभएको उनले जानकारी दिए।रासस

# भूत मेलाको लागि प्रख्यात भगवती सोनासतिमाई




**महोत्तरी ।**
महोत्तरी जिल्लाको औरही नगरपालिका–७ भोइल गाउँमा अवस्थित सोनासति महारानीको मन्दिर सोनामाई मन्दिरको नामले प्रख्यात रहेको छ । सदरमुकाम जलेश्वरदेखि २३ किलोमिटर उत्तरमा रहेको यस मन्दिर मिथिला क्षेत्रकै भगवती मन्दिर तथा शक्तिपीठहरुमध्ये महत्वपूर्ण एवं चर्चित धार्मिकस्थलको रुपमा रहेको छ ।

मन्दिरमा विशेषगरी भूत, प्रेत, पिसाच, दुष्ट आत्मा तथा बोक्साबोक्सीहरुद्वारा सताइएका व्यक्तिहरुलाई झारफुक एवम् तान्त्रिक विधिद्वारा निको हुने विश्वास गरिन्छ । सन्तान नभएकाहरुलाई सन्तान प्राप्त हुने, भाकल पूरा हुने विश्वास रहेको पुजारी कामेश्वर झाले बताए । यहाँ दैनिकजसो पूजापाठ, आराधना, दर्शन तथा बलि प्रदान गर्न भक्तजनको घुइँचो लाग्ने गर्दछ । करिब पाँच सय वर्षअघि यस मन्दिर रहेको क्षेत्रमा घना जङ्गल थियो ।

जङ्गलमा गाई, भैँसीलगायतका बस्तुभाउ चराउन जिल्लाको पश्चिमी तथा दक्षिणी भेगबाट मान्छेहरु आउने गर्दथे र रातिको बास जङ्गलमै बस्नुपर्दथ्यो । एक दिन बस्तुभाउ चरिरहेकै अवस्थामा पाँचवटा भैँसी एकैसाथ हराएपछि चरवाहाहरुले भैँसी खोज्दै जाँदा हाल मन्दिर रहेको क्षेत्रमा पुग्दा सोनासति महारानी मानवको रुपमा प्रकट भई 'भैसी आफूसँग रहेको जानकारी गराइन् । उनले 'मलाई दैनिक पूजापाठ, साँझ बत्ती, आरती गरे मात्र भैँसी दिने नत्र नदिने' भनेपछि चरवाहाहरुले सोही दिनदेखि त्यहाँ सोनासतिमाईको पूजापाठ आरती हुँदै आएको माताको तत्कालीन पुजारी माझी झाको भनाइ किम्वदन्तीको रुपमा रहेको पुजारी झगरु झा बताउँछन् । अर्को प्रसङ्गमा पुजारी माझी झाको मित्र माझी चौधरीका व्यक्ति बिनाकसुर वीरगंज जेलमा परेपछि उनले जेलबाटै सोनासति महारानीको मन्दिर बनाइदिन्छु भनी भाकल गर्दा जेलबाट निस्केको कहानी समेत स्थानीयहरुको जनजिब्रोमा रहेको कुरा अर्का पुजारी घनश्याम झाको कथन छ ।

मन्दिर निर्माण हुनुपूर्व यहाँ कहचरीया स्थान भन्ने एउटा धेरै पुरानो सिसौको रुखको टोड्कामा सोनासति महरानीको बास रहने गरेको स्व. पुजारी राजेन्द्र झा (बन्ठु) को भनाइ थियो । केही वर्षपछि पुजारीले कहचरीया स्थानबाट मूर्ति ल्याई हाल मन्दिर रहेको स्थानमा माटोको घर बनाई दैनिक पूजापाठ गर्न थाले । यसैबीच सोनामाईकै नाम स्मरण गर्दा जेलबाट मुक्त भएका माझी चौधरीले मातालाई गरेको पूर्ववाचाअनुसार मन्दिर बनाई दिएपछि त्यसमा माताको प्राणप्रतिष्ठा गराई पूजापाठ हुन थालेको स्थानीय राजनीतिकर्मी नरेन्द्र यादवले बताए । धेरै वर्ष सोही मन्दिरमा पूजाआजा भयो र पुनः सो मन्दिर पनि पुरानो र जीर्ण भएपछि त्यसलाई भत्काई अहिलेको नयाँ मन्दिर बनेको छ र यसै मन्दिरमा माताको पूजा, पाठ, आरती दैनिक रुपमा भइरहेको छ । यस शक्तिपीठलाई देशकै नमूना शक्तिपीठ तथा धार्मिक एवम् पर्यटकीयस्थलको रुपमा समेत विकास गर्न सकिने स्थानीयहरुको भनाइ रहेको छ । नेपालकै धार्मिक एवम् ऐतिहासिक धरोहरहरुमध्येको यो मन्दिर पनि एउटा शक्तिपीठ हो । यहाँ विशेषगरी दशैँमा छिमेकी मुलुक भारतबाट हजारौँ श्रद्धालु भक्तजनको पूजाआजा, दर्शन, भेटी र बलि चढाउनुका साथै भूत मेलामा सहभागी हुनका लागि घुइँचो लाग्ने गर्दछ । घटस्थापनादेखि विजयादशमीसम्म यस मन्दिरमा बडो हर्षोल्लास र धुमधामका साथ विशेष पूजा आराधना गर्नुको साथै यहाँ ठूलो भूत मेला लाग्ने गर्दछ । यस मन्दिरमा मनोकामना पूरा भएको भन्दै मानिसहरु पूर्व भाकलअनुसार लड्डु, मिठाई, बोका, परेवा, राँगालगायतका पञ्चबलि चढाउन आउने गर्छन् । कति ले त सुन चाँदीका गरगहना, लत्ताकपडा, मुकुट, गेरुवा, चनमा आदि पनि चढाउने गर्छन् भने कतिले विभिन्न आकारका घण्टीहरु समेत चढाउने गर्छन् । पहिलापहिला प्रत्येक वर्ष वैशाखदेखि असोजसम्म छिमेकी गाउँहरुबाट चामल, धुप, अगरवती, फूल, पैसा सङ्कलन गरी महिला र पुरुषको समूह बनाएर माताको पूजा गर्न आउने चलन समेत रहेको स्थानीय राजनीतिकर्मी रामबाबु चौधरीले बताए । यस मन्दिर परिसरमा गणेश, राजदेवी, सरस्वती आदि देवीदेवताको मूर्तिको अतिरिक्त तपसी बाबाको धुनी समेत रहेको छ । यहाँ वर्षको ३६५ औँ दिन चौबिसैँ घण्टा आगो (धुनी) बलिरहन्छ । यहाँ प्रत्येक वर्ष बडादशैँको अवसर पारेर ठूलो भूत मेला पनि लाग्ने गर्छ । दशैँको दश दिन यहाँ सोनासति महारानी साक्षात विराजमान रहने गरेको जनविश्वास रहेको अर्का पुजारी रमेश झाले बताए । असोज शुक्ल प्रतिपदादेखि विजयादशमीसम्म यहाँ ठूलो मेला लाग्ने गर्छ । दशैँको पहिलो दिनअर्थात् घटस्थापनाको दिन बिहान ३/४ बजे पुजारीको घरबाट परम्परागत बाजागाजाको साथ सबै पुजारी सामेल भई 'डाला' (धुप, दीप, अक्षता, कलश, नैवेध, रातो कपडा, खर्ग आदि) मन्दिरमा लगिन्छ र घटस्थापना हुन्छ एवम् जमरा राखिन्छ । यसै दिनदेखि नवरात्रि आरम्भ हुन्छ । द्वितीयादेखि षष्ठीसम्म ठूलो सङ्ख्यामा भक्तजन आउने पूजापाठ गर्ने, दर्शन गर्ने, लड्डु, पेडा, मिठाई मातालाई चढाउने तथा बोका, परेवाको बलि दिने गरिन्छ । त्यसैगरी सप्तमीको दिन विभिन्न ठाउँबाट आएको फूलपाती मन्दिरमा भित्र्याउने चलन छ । त्यस्तै नशा पूजा अष्टमीको दिन हुन्छ र सो दिन रातिमा धुप–दीप, नैवेद्य, फलफूल, चुरा, सुन, चाँदी आदिले भव्य पूजा भई मन्दिरभित्रै बोका बलि दिइन्छ । त्यस्तै राजदेवीलाई कुभिन्डोको बलि दिने तथा माताको जीउभरि घ्यू र सिन्दूर लगाई नयाँ कपडा लगाउने चलन छ ।

यस मन्दिरमा महानवमीको दिन सयभन्दा बढीको संख्यामा राँगाको बलि प्रदान हुन्छ । विजयादशमीको दिन पुनः माता सोनासतिको डाला मन्दिरबाट परम्परागत बाजागाजाको साथ पुजारीको घरमा लगेर विधिवत् तरिकाले सोनामाई मेलाको सम्पन्न हुन्छ ।

यसै दिन भोइल, टिमकिया, औरही, चेपकट, श्रीपुर, मेघनाथ गोरहन्ना आदि) गाउँका वासिन्दाहरु खुशीले लड्डु, मिठाई, पेडा, खोवा, जिलेवी आदि चढाएर आपसमा प्रसाद बाँड्ने गर्दछन् । यस सोनामाई मन्दिरको विशेष आकर्षणको रुपमा यहाँ चौथीदेखि अष्टमीको दिनसम्म भूत मेला लाग्ने गदर्छ । चौथीदेखि अष्टमीसम्मको पाँच दिनसम्म करीब पाँचसयको सङ्ख्यामा आफूलाई भूत, प्रेत, पिसाच, दुष्ट आत्मा र बोक्साबोक्सीद्वारा सताएको ठानिएका व्यक्तिहरु यस गाउँको चारैतिरको सीमा क्षेत्रमा प्रवेश गर्दा रुँदै, कराउँदै, दौडदै राजदेवीमाईको खुट्टानिर लड्ने गर्दछन् । मन्दिरका पुजारीहरुले ती व्यक्तिहरुलाई तन्त्रमन्त्रद्वारा बाँध्ने तथा भूत, प्रेत तथा बोक्साबोक्सीबाट मुक्ति दिलाउने गरिएको स्थानीय प्रेमबाबु यदुवंशीले बताए । रासस

# प्रधानमन्त्रीको अभिव्यक्तिप्रति सोनलको आपत्ति

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका प्रदेशसभा सदस्य जितेन्द्र सोनलले प्रधानमन्त्री सुशिला कार्कीको हालैको अभिव्यक्तिप्रति आपत्ति जनाएका छन् । बुधबार बसेको मधेश प्रदेशसभाको बैठकको विशेष समयमा बोल्दै उनले समावेशिताको प्रसंगमा मधेशी समुदायलाई बेवास्ता गरिएको भन्दै असन्तुष्टि व्यक्त गरे । सोनलले केही दिनअघि प्रधानमन्त्री कार्कीले दिएको टेलिभिजन अन्तरवार्ताको प्रसंग उठाउँदै भने, 'राष्ट्र प्रमुखको हैसियतमा जब उहाँले संविधान, समावेशिता र प्रतिनिधित्वको कुरा गर्नुहुन्छ, तब सबै जातजातिको नाम लिन्छन् । तर, मधेशी शब्द उच्चारण नै नगर्नु अचम्मको कुरा हो । यसले देखाउँछ कि चेतनामा मधेश अझै परिधिमा छ ।' उनका अनुसार राज्यकै सर्वोच्च तहबाट मधेशी समुदायलाई बेवास्ता गर्ने शैलीले गम्भीर सन्देश दिएको छ । उनले भने, 'यो केवल भाषिक त्रुटि नभई चेतनात्मक बेवास्ता हो । राज्य वा नेताहरूलाई कुनै पनि जाति वा समुदायको अस्तित्वलाई पन्छाउने अधिकार छैन ।' सोनलले मधेशलाई संघीयता र समावेशिताको जननी भन्दै इतिहासमा यस क्षेत्रले गरेको बलिदान स्मरण गराए । उनले भने, 'संविधान र संघीय संरचना निर्माणमा मधेशको योगदानलाई राज्यले निरन्तर बेवास्ता गर्दा मधेशीहरूले आफूलाई स्वीकार नगरेको अनुभव गर्ने अवस्था बनेको छ ।' प्रधानमन्त्री कार्कीको अभिव्यक्तिप्रति असन्तुष्टि जनाउँदै सोनलले मुख्यमन्त्री सतिश कुमार सिंहलाई पनि कठोर शब्दमा आलोचना गरे । उनले पार्टीले सरकारबाट फिर्ता बोलाइसकेको अवस्थामा पनि सिंहले पदमा टिकिरहनु संसदीय प्रणालीप्रति अनादर भएको दाबी गरे । 'पार्टी निर्णयको पालना नगर्ने प्रवृत्तिले संसदीय प्रणालीमा संकट ल्याउँछ,' सोनलले भने, 'मुख्यमन्त्रीले मार्ग प्रसस्त गर्दै पदबाट हट्नुपर्छ । प्रदेशसभा कुनै व्यक्तिको खेलौना होइन । सबैलाई दलको अनुशासनभित्र रहनैपर्छ ।' देशमा देखिएको राजनीतिक अस्थिरता र संवैधानिक व्यवस्थामा भइरहेको चलखेलप्रति चिन्ता व्यक्त गर्दै सोनलले मधेशवासीलाई संघीयता र समावेशिताको रक्षा गर्न अझ सचेत बन्न आग्रह गरे । उनले भने, 'संघीयता र अधिकारका लागि हामीले ठूलो संघर्ष गरेका थियौं । अब त्यसको रक्षा र सुदृढीकरणको जिम्मेवारी हामी सबैमाथि नै आएको छ ।'

# मिथिलामा झिझिया नृत्यको रौनक

**महोत्तरी ।**
'तोहरे भरोसे बरहम बाबा झिझिया बनैलियो हे,
बरहम बाबा झिझिया पर होइनौ न सहाय अबोधवा बालक तोहर किछियो नै जनैछो हे ।'
'चल चल गे गैनिया कदम तर, तोहर बेटा के खैबौ बरहम तर'
'माछ मार गेले गे डैनिया बाबाके पोखरिया, माइर लेले कोतरी मछरिया गे'
यी र यस्तै मैथिली गीतसङ्गीतले यतिबेला मिथिला क्षेत्रमा रौनकता बढाएको छ । बडादशैँ शुरु भएसँगै मिथिला क्षेत्रमा रातिको बेला झिझिया नृत्य पनि शुरु भएको छ । महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सर्लाही, रौतहट, बारा पर्सासहितको तराई मधेसका सम्पूर्ण जिल्ला तथा भारतको सीतामढी र मधुवनी जिल्लासहित सम्पूर्ण मिथिला क्षेत्रमा झिझिया नृत्यको रौनक छाएको हो । सुख, समृद्धि र पारिवारिक सुरक्षाको लोक अनुष्ठानका रूपमा झिझिया नृत्य महोत्तरीलगायत मिथिलाञ्चलभरि नाच्ने गरिएको जलेश्वर नगरपालिका नगरपालिका–१ मा अवस्थित प्रसिद्ध बाबा जलेश्वरनाथ महादेव मन्दिरका पुजारी उपेन्द्र पाठकको भनाइ छ । उक्त नृत्यमा पूर्ण रूपमा तान्त्रिक विधिअनुसार घटस्थापनादेखि दशमीसम्म गरिने देवी दुर्गा स्तुति दर्शाइन्छ । झिझियाको उद्देश्य समाजमा रहेका नकारात्मकबाट सन्तानको सुरक्षा गर्नु रहेको जलेश्वर नगरपालिका–५ का संस्कृतिविद् ध्रुव राय बताउँछन् । आफ्ना शाखासन्तान, परिवारको सुस्वास्थ्य र दीर्घजीवनको कामना यस नृत्यको पृष्ठभूमिमा छ । झिझिया लोक नृत्यको अर्को उद्देश्य दशमीको बेला माता दुर्गालाई स्तुति गर्नु पनि रहेको जलेश्वर–८ का पण्डित अनिल पाठकको भनाइ छ । झिझियामा प्रयोग हुने घैँटोमा गरिएका असङ्ख्य प्वाल र त्यसलाई टाउकामा राखेर नृत्य गर्ने महिलाद्वारा टाउकोको दायाँबायाँ हल्लाइरहने प्रवृत्तिले यसको निहित विशेष अर्थलाई सङ्केत गर्ने जलेश्वर–८ की महिला बुधनी देवीको भनाइ छ । मिथिलामा झिझिया नृत्युको आफ्नै मौलिकता, पहिचान र इतिहास छ । समाज रुपान्तरणको क्रममा रहेको समयमा यो लोकनृत्य आज पनि गाउँघरमा मात्र नभई शहरमा समेत प्रचलनमा छ । वास्तवमा नृत्य प्रदर्शन गर्ने कला पनि हेर्नेयोग्य हुन्छ । चार–पाँच वर्षका बालबालिकादेखि लिएर तरुणी र अधवैसेसम्म यस नृत्यमा सहभागी हुने गर्छन् । टाउकोमाथि राखिएको घैटो र त्यसमाथि उज्यालो दिइरहेको आगोको डल्ला लिएर नृत्य गर्नु आफैँमा एउटा ठूलो कलाको प्रदर्शन गर्नु हो । रासस

# सप्तरीमा ७५ करोड भन्दा बढीको क्षति



**मनोज माझी**
**सप्तरी ।**
भदौ २४ गतेको जेन्जी आन्दोलनका क्रममा भएको आगजनी र तोडफोडको घट्नामा सप्तरीको चार दर्जन सरकारी कार्यालयमा गरी ७५ करोड भन्दा बढीको क्षति भएको छ । जिल्लास्थित कार्यालयमा भएको तोडफोड र आगजनीबाट ७५ करोड ४५ लाख २ हजार ८३ रुपैयाँ बराबरको कुल क्षति भएको प्रहरी तथ्यांकले देखाएको हो । तोडफोड आगजनीबाट जिल्लाभरका सरकारी कार्यालयका १ सय १३ वटा चारपाँग्रे र १ सय ११ वटा मोटरसाइकल समेत पूर्णरुपमा नष्ट भएको सप्तरी प्रहरीले तयार पारेको क्षतीग्रस्त संरचनाको सँख्यात्मक लगत विवरणमा देखिएको छ ।

आन्दोलकारीले गरेको तोडफोड र आगजनीबाट सर्वाधिक क्षति राजविराज नगरपालिका कार्यालयलाई पुगेको छ । यस कार्यालयमा ३० करोड बराबरको क्षति भएको प्रहरीले खडा गरेको लगत विवरणले देखाएको छ । सप्तरी जिल्ला अदालत राजविराजमा ७ करोड ५५ लाख, उच्च अदालत जनकपुर–राजविराज इजलाशमा ६ करोड ५० लाख, भौतिक पुर्वाधार विकास कार्यालयमा ४ करोड २५ लाख, संघन शहरी तथा भवन निर्माण आयोजना कार्यालयमा २ करोड ४३ लाख ७५ हजार, शहरी विकास कार्यालयमा २ करोड १५ लाख, उच्च सरकारी वकिल कार्यालयमा २ करोड ७ लाख ८ सय ४० तथा जिल्ला निर्वाचन कार्यालयमा १ करोड ४७ हजार ४ सय ९९ रुपैयाको क्षति भएको छ । नापी कार्यालयमा १ करोड ४५ लाख ११ हजार, डिभिजन बन कार्यालयमा १ करोड ७१ लाख ८१ हजार ९ सय ४०, माटो तथा मल परिक्षण प्रयोगशाला कार्यालयमा १ करोड २१ लाख ४९ हजार ७ सय २३, बोदेबर्साइन नगरपालिका कार्यालयमा ९० लाख, करदाता सेवा कार्यालय राजविराजमा ७ लाख, यातायात व्यवस्था कार्यालयमा ७० लाख, जिल्ला सरकारी वकिल कार्यलयमा ६१ लाख २५ हजार, जिल्ला समन्वय समितिमा ५० लाख, खडक नगरपालिका कार्यालयमा ६८ लाख ८३ हजार ५ सय, सप्तरी कारागार कार्यालयमा ४० लाख र जिल्ला हुलाक कार्यालयमा ३८ लाख ३१ हजार २० रुपैयाँ बराबरको सम्पत्ती नष्ट भएको छ । राजविराज नगरपालिकाको ६ नम्बर वडा कार्यालयमा ४० लाख, ट्राफिक कार्यालयमा १८ लाख, अग्नीसाईर कृष्णासबरण गाउँपालिका कार्यालयमा १७ लाख, राजविराज नगरपालिका ४ नम्बर वडा कार्यालयमा २८ लाख, महदेवा गाउँपालिका ४ नम्बर वडा कार्यालयमा २५ लाख, बोदेवर्साइन नगरपालिकाको वडा नम्बर ५ को कार्यालय, हनुमाननगर कंकालिनी नगरपालिकाको १ नम्बर वडा कार्यालय, बोदेबर्साइन नगरपलिकाको १० नम्बर वडा कार्यालय र कंचनरुप नगरपालिकाको कार्यालयमा १५÷१५ लाख बराबरको क्षति भएको मुल्याँकन गरिएको छ । बलानविहुल गाउँपालिकाको कार्यालयमा ११ लाख, इलाका प्रहरी कार्यालय बोदेबसाईनमा १२ लाख, जिल्ला समन्वय तथा सुचना प्रहरी युनिटमा १५ लाख, राजगढ गाउँपालिका कार्यालयमा १० लाख ५३ हजार, विष्णुपुर गाउँपालिका कार्यालयमा १० लाख, भुमि समस्या समाधान आयोग कार्यालयमा ९ लाख ९५ हजार १ सय, इलाका प्रशासन कार्यालय बोदेवसाईनमा १० लाख, सुरुंगा नगरपालिका कार्यालयमा ९ लाख र डाक्रेश्वरी नगरपालिका वडा नम्बर १० को कार्यालयमा ८ लाख बराबरको क्षति भएको छ । बोदेवसाईन नगरपालिकाको वडा नम्बर ९ को कार्यालयमा ५ लाख, तिरहुत गाउँपालिका कार्यालयमा ४ लाख, राजविराज नगरपालिका वडा नम्बर ८ को कार्यालयमा ३ लाख ७३ हजार तथा उच्च अदालत सुरक्षा गार्ड कार्यालयमा ३ लाख ५० हजार बराबरको क्षति भएको छ । शम्भुनाथ नगरापालिका कार्यालयमा ३ लाख ९५ हजार, अस्थायी ट्राफिक पोष्ट कदमहामा २ लाख ५० हजार, राजविराज नगरपालिका वडा नम्बर ३ को कार्यालयमा २ लाख ५० हजार बोदेबसाईन नगरपालिकाको ७ नम्बर वडा कार्यालयमा २ लाख, तिलाठी कोइलाडी गाउँपालिकाको कार्यालयमा १ लाख ४४ हजार, अग्नीसाईर कृष्णा सवरण गाउँपालिकाको कार्यालयमा १ लाख ५० हजार र खडक नगरपालिकाको ७ नम्बर वडा कार्यालयमा १ लाख १२ हजार मुल्य बराबरको सम्पत्ती नष्ट भएको छ । यस्तै बलानविहुल गाउँपालिकाको कार्यालयमा १ लाख ५५ हजार, इलाका प्रहरी कार्यालय कल्याणपुरमा १ लाख, हनुमाननगर कंकालिनी नगरपालिकाको कार्यालयमा ५० हजार र प्रहरी चौकी मौवाहामा ३५ हजार मुल्य बराबरको क्षति भएको प्रहरीले खडा गरेको क्षतीग्रस्त संरचनाको लगत विवरणले देखाएको छ । आगजनीले ध्वस्त भएको संरचना पुनःनिर्माण तथा विभिन्न साधन स्रोत जुटाई कतिपय कार्यालयले सेवा सुचारु गरिसकेका छन भने कतिपय कार्यालयले दशैँपछि मात्र सहजरुपमा सेवा प्रदान गर्न सकिने अवस्था रहेको जनाएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन